जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २८, २०७९ साल पुस २२ गते शुक्रबार, नेपाल संवत् ११४३ (January 6, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## रोकियो लाइसेन्स ट्रायलको ७० अंक प्रणाली

काठमाडौं । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को लागि दिइने ट्रायलमा ७० अंक ल्याए उत्तीर्ण हुने प्रणाली बुधबारदेखि लागू गर्ने तयारी अन्तिम चरणमा पुगेका बेला वाग्मती प्रदेश मुख्यमन्त्री कार्यालयले पुनः रोक लगाएको छ । ट्रायल सञ्चालकहरूले काठमाडौं उपत्यकामा लाइसेन्सका लागि ७० अंक प्रणाली लागू नगर्न दबाब दिइरहेको घटना सार्वजनिक भइरहेका बेला मुख्यमन्त्री कार्यालयले तेस्रो पटक हस्तक्षेप गरेर रोक लगाएको हो । मुख्यमन्त्री कार्यालयले प्रणालीका बाँकी ८ पेजमा

## मलेसियामा नेपाली अलपत्र

काठमाडौं । वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका २७ जना नेपाली श्रमिक चार महिनादेखि अलपत्र परेका छन् । सानेपाको फोजी म्यानपावरबाट एक सप्लायर्स कम्पनीमा काम गर्न भनेर गत ८ सेप्टम्बर (२३ भदौ) मा मलेसिया पुगेका उनीहरू अलपत्र परेका हुन् । म्यानपावरलाई तीनदेखि साढे तीन लाख रूपैयाँ बुझाएर मलेसिया पुगेको पीडितहरूले बताएका छन् ।

हन्टेयर्स चिकेन डोल्स भन्ने सप्लायर्समा काम गर्ने गरी लाख रूपैयाँ कमाउने प्रलोभन देखाएर आफूहरूसँग पैसा असुले पनि अहिले शारीरिक र बाँकी ८ पेजमा

# प्रचण्डको सत्ता यात्रा कति सहज ?

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले अझै सरकार विस्तार गर्न सकेका छैनन् । शपथ लिएका मन्त्रीहरू सबैले मन्त्रालय पाएका छैनन् । गृह, अर्थ, भौतिक पूर्वाधार तथा यातायात बाहेकका मन्त्रालयहरू प्रधानमन्त्री आफैंले राखेका छन् । मन्त्रालयहरूको नेतृत्व सचिवहरूले गरिरहेका छन् । सचिवहरूलाई प्रधानमन्त्रीले चुस्तदुरुस्त सेवा प्रवाहका लागि बुँदाहरू नै समेटेर निर्देशन दिएका छन् तर त्यसको कार्यान्वयन सतहमा देखिएको छैन । मन्त्रालयहरूमा राजनीतिक नेतृत्व नहुँदा मन्त्रालयका काम कारबाहीहरू असरल्ल परेका छन् । यसले सुशासनको रट लगाउने प्रधानमन्त्री स्वयंलाई खिच्याइरहेको छ ।

पुस २६ गते संसदबाट विश्वासको मत लिएपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने तयारीमा छन् प्रधानमन्त्री । सत्ता गठबन्धनभित्र मन्त्रालयको भागबन्डा मिलाउन प्रधानमन्त्रीलाई सकस देखिएको छ । सात जातका दलहरूलाई जहाजमा हालेर उडान भरिरहेका प्रधानमन्त्री प्रचण्डलाई कुशलतापूर्वक धावनमार्गमा अवतरण गराउन निकै पापड बेल्नुपर्ने अवस्था छ । उनले यति चाँडै विश्वासको मत लिन खोज्नुमा पनि गठबन्धनभित्र गडबढी हुन सक्ने आशंकाले काम गरेको विश्लेषण गरिँदैछ । तत्कालीन भारतीय प्रधानमन्त्री चौधरी चरणसिंहको हविगत व्यहोर्नुपर्ने हो कि भन्ने डरले पनि प्रचण्डले अत्तालिँदै चाँडै विश्वासको मत लिन चाहेको दाबी गर्नेहरूको पनि कमी छैन ।

देशको तेस्रो पटक कार्यकारी प्रमुखको भूमिकामा पुगेका प्रचण्डले विश्वासको मत प्राप्त गरेपछि दुई वर्षसम्म ढुक्क भएर काम गर्ने अवसर प्राप्त गर्नेछन् । विश्वासको मत प्राप्त प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाइने संविधानले स्पष्ट व्यवस्था गरेको छ । अघिल्लो समय दुई पटक ९.९ महिना प्रधानमन्त्री बन्ने अवसर पाएका प्रचण्डले खासै सम्झिन लायक कुनै काम गर्न सकेनन् । संविधानसभाको निर्वाचनपछि सबभन्दा ठूलो दल बनेको तत्कालीन माओवादी पार्टीले प्रधानसेनापति रुक्मांगत कटुवाललाई जिस्क्याउँदा सत्ताबाटै हात हुनु परेको थियो । यस घटनाप्रति प्रचण्डले बारम्बार पछुतो गरिरहेका छन् । दशक लामो राज्यपक्षसँग सशस्त्र विद्रोह गरेको माओवादी शक्ति अहिले छिन्नभिन्न अवस्थामा छ । माओवादी केन्द्रको नेतृत्व गर्दै पार्टीलाई पुनर्जीवन दिन प्रचण्डले गमर्को गरिरहेका छन् । कांग्रेसको पुच्छर समातेर चुनावको वैतरणी



तरेका प्रचण्डले कांग्रेसलाई 'चक्मा' दिँदै एमालेको निगाहमा प्रधानमन्त्री भएका हुन् । उच्चस्तरीय राजनीतिक संयन्त्रको संयोजक एमाले अध्यक्ष केपी शर्मा ओली बनेकाले प्रचण्ड ओलीपथमा नचाहेर पनि घिस्रिन बाध्य भएका छन् ।

प्रचण्डले देखिने गरी सम्झनलायक कामहरू गर्ने अभिलाषा प्रकट गरेका छन् । यसले आम जनतामा थोरै भए पनि आशाको दीप जलाएको छ । तर राजनीतिक संयन्त्रका कारण उनी स्वतन्त्र ढंगले चल्न सक्ने अवस्था छैन । अहिले केपी ओली छायाँ प्रधानमन्त्री बनिसकेका छन् । बालुवाटारमा भन्दा बालकोटमा भीड लाग्न थालेको छ । मन्त्रालय माग्न पार्टीका प्रमुखहरू बालुवाटार होइन बालकोट धाइरहेका छन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख ताक्नेहरूको लर्को पनि बालकोटतिरै लाग्ने गरेको छ । यसले ओलीको शक्तिलाई उजागर गरिरहेको छ । राष्ट्रपति र सभामुख एमालेलाई दिने र अढाई वर्षपछि प्रधानमन्त्री पनि ओलीलाई सुम्पिने 'भद्र सहमति' गरी नयाँ सत्ता गठबन्धन बनाएर सरकारको नेतृत्व सम्हालेका प्रचण्डको सत्ता यात्रा त्यति सहज देखिँदैन ।

पार्टीको साख जोगाउन र आम नागरिकको विश्वास जित्न प्रधानमन्त्री प्रचण्डले चुनावी घोषणापत्रमा प्रतिबद्धता जाहेर गरेका विषयहरूलाई कार्यान्वयन तहमा ल्याउनुपर्ने हुन्छ । उनले उच्च पदस्थ सरकारी अधिकारीहरू जो सार्वजनिक सेवामा छन् साथै राजनीतिक नेतृत्वको समेत सम्पत्ति छानबिन गर्ने पार्टीको घोषणापत्रमा उल्लेख गरेका छन् । ०४७ सालपछि मन्त्री भएका सबैको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय सम्पत्ति छानबिन समिति बनाउने भन्नु र त्यसलाई कार्यान्वयन गर्नु फरक कुरा हो । अख्तियार अनुसन्धान आयोग हुँदाहुँदै त्यस्तो समितिले वैधानिकता पाउनेमा आशंका गरिँदैछ । त्यस्तो समितिको हविगत शाही आयोगकै जस्तो नहोला भन्न सकिन्न ।

प्रधानमन्त्रीले भ्रष्टाचारलाई लगाम लगाउने प्रयत्न गरे मात्र पनि देश विकासले लय समाउँछ । नेपाल विश्वकै नम्बर टेन भ्रष्ट मुलुकहरूको सूचीमा सूचिकृत भएको छ । विदेशी दातृ निकाय र मित्र राष्ट्रहरूले गरेको सहयोग राशिको सदुपयोग गरिएको भए नेपाल उहिल्यै स्वीटजरल्यान्ड बनिसक्ने थियो तर विदेशी अनुदान ऋणमा समेत नीतिगत रूपमै भ्रष्टाचार गरियो ।

भ्रष्टाचारको ग्राफ झन्झन् उकालो लागिरहेको छ । भ्रष्टाचारलाई निरुत्साहित गर्न कडा कानुनको व्यवस्था हुनु आवश्यक छ । भ्रष्टाचार गर्नेलाई मृत्युदण्डको सजाय हुने हो भने मात्र भ्रष्टाचारमा शून्यसहनशीलता कायम हुन्छ । ७० करोड कमिशन मागेको अडियो रेकर्ड प्रमाण हुँदा पनि अख्तियारले गोकुल बाँस्कोटालाई छोएन । भ्रष्टाचारद्वारा आर्जित रकम बाँडेरै उनले चुनाव पो जितेर आए । पार्टीहरूभित्र यस्तै भ्रष्टहरूको बोलवाला छ । पहिलो त आफ्नै पार्टीभित्रका भ्रष्टहरूलाई प्रचण्डले गलहत्याउन सक्ने छैनन् । बजेट निर्माणमा बाँकी ८ पेजमा

## नेपाली क्रिकेटमा तुवाँलो

काठमाडौं । नेपालमा दिनानुदिन बढ्दै गएको क्रिकेट खेलको लोकप्रियतामा तुवाँलो लाग्न थालेको छ । राष्ट्रिय टिमका पूर्वकप्तान पारस खड्काको नेतृत्वमा नेपाली क्रिकेटले नयाँ उचाइ प्राप्त गरेको थियो । पारसकै टिमका सदस्य बलर सन्दिप लामिछानेले अन्तर्राष्ट्रिय स्तरको खेलाडीको हैसियत पनि यसै समयमा प्राप्त गरेर विश्वका ठूलठूला लिग खेल्ने महँगा खेलाडी बन्न पुगेका थिए । यिनै नेपाली सुपरस्टार लामिछाने क्रिकेटको प्याप्टेन बनेपछि भने नेपाली क्रिकेटको ओरालो यात्रा सुरु भयो । कप्तान लामिछाने बालिका बलात्कारको अभियोगमा जेल जीवन बिताइरहेका छन् भने यता कीर्तिपुर मैदानमा सञ्चालन भइरहेको राष्ट्रिय फ्रेन्चाइज लिग म्याच फिक्सिङको विवादमा तानिएको छ । विगतमा नेपाली फुटबलमा भएको म्याच फिक्सिङले केही चर्चित फुटबलरहरूले खेल जीवनबाटै हात धुनु परेको थियो । बाँकी ८ पेजमा

## पेट्रोलियम पदार्थको मूल्य घटाउन निर्देशन

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले पेट्रोलियम पदार्थको मूल्य घटाउन निर्देशन दिएका छन् । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेका कारण सोहीबमाजिक मूल्य समायोजन गरी मूल्य कटौती गर्न प्रधानमन्त्रीले निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उद्योग सचिवलाई निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले आम जनतालाई राहतको अनुभूति हुने गरी पेट्रोल र डिजेल तथा हवाई इन्धनको मूल्य कटौती गर्न निर्देशन दिएका हुन् । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटे पनि नेपाल आयल निगमले भने ठूलो घाटा देखाउँदै मूल्य समायोजन गरेको छैन ।

## अवैध क्रसर बन्द गर्न निर्देशन

काठमाडौं । गृह मन्त्रालयले देशभर सञ्चालनमा रहेका अवैध क्रसर बन्द गर्न सबै जिल्ला प्रशासनलाई परिपत्र गरेको छ। बुधबार परिपत्र गर्दै गृहले कानुनबमोजिम दर्ता नभएका, नवीकरण नभएका तथा आयोजनाका नाममा सञ्चालनमा रहेका, तर अवधि सकिएका क्रसर बन्द गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिए।

कानुनविपरीत ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्नुपर्ने व्यापक जनगुनासो र उजुरी आएको भन्दै यसलाई नियमन गर्न आवश्यक भएको मन्त्रालयको तर्क छ। विकास निर्माण बाँकी ८ पेजमा

## शीतलहरले जनजीवन प्रभावित

काठमाडौं । तराई-मधेसमा शीतलहर चल्दा जनजीवन कष्टकर बनेको छ। नेपालको पश्चिमदेखि पूर्वी तराई–मधेसमा शीतलहर चल्नुका साथै हुस्सु बढेको छ।

महाशाखाका अनुसार नेपालमा तत्काल वर्षा हुने सम्भावना छैन। माथिल्लो वायुमण्डल (डेढ किलोमिटरसम्म) पश्चिमी वायुको प्रभाव बलियो रहे पनि तल्लो वायुमण्डलमा प्रभाव निकै कम छ। दिनभरजसो घाम नलाग्ने र लागिहाले पनि एकदमै न्यून ताप हुँदा तराईका धेरैजसो क्षेत्रमा अधिकतम बाँकी ८ पेजमा

## चालू पुँजी कर्जा र मौद्रिक नीति संशोधन

काठमाडौं । नेपाल राष्ट्र बैंक अन्ततः चालू पुँजी कर्जा मार्गदर्शन संशोधन गर्न वाध्य भएको छ । उद्यमी व्यवसायीले लगातार मार्गदर्शनको विपक्षमा आन्दोलन र लबिङ गर्न थालेपछि राजनीतिक दबाब थेग्न राष्ट्र बैंकले नयाँ सरकार बनेलगत्तै बुधबार संशोधन गरेको हो । राष्ट्र बैंकले 'चालू पुँजी कर्जा २०७९' संशोधन गर्दै जुनसुकै महिनामा पनि सीमाभित्रको चालू पुँजी कर्जा लिन र नवीकरण गर्न मिल्ने बनाएको छ । यसअघि हरेक त्रैमास अन्तिम महिना चालू पुँजी कर्जा लिन वा नवीकरण गर्न नपाउने व्यवस्था थियो । त्यस्तै, सो मार्गदर्शन लागू नहुने रकम सीमा बढाएर एक करोड पुऱ्याइएको छ । यसअघि यस्तो रकम बाँकी ८ पेजमा

## "मर्निङ वाक" घाम लागेपछि मात्र

कचौरा आकारमा रहेको काठमाडौं खाल्डोमा हावा चल्ने दिशा पूर्व र पश्चिम मात्रै हो भन्छन् जानकारहरू । अव्यस्थित र भूबनोटका कारण हुरी बतासकै गतिमा हावा चल्यो भने मात्रै यहाँको प्रदूषित हावा उपत्यकाबाट हुत्तिएर बाहिरिन सक्छ अन्यथा यहीँ रुमल्लिइरहन्छ भन्छन् यसका अध्येताहरू । त्यही प्रदूषित हावामै उपत्यकाबासी आफ्नो फोक्सो सफा गरिरहेका हुन्छन् बिहानी हिँडाइसँगै । अर्थात् प्रदूषित हावा फेर्दै बाँच्न उपत्यकाबासी अभिशप्त छन् अहिले । तर सरकारी पक्ष भने यसमा बेखबर जस्तै छ । वातावरण मन्त्रालय त्यस अन्तर्गतको विभाग जनस्वास्थ्यप्रति गैरजिम्मेवार देखिँदै आएको छ । न त समाचारका हेडलाइन र सम्पादकीय नै यसतर्फ सोझिएका देखिन्छन् आजभोलि ।

वर्षायाममा बिहानीहरू तुलनात्मक रूपले हिँउदको भन्दा स्वच्छ हुने गर्छन् । दैनिकजसो वर्षा हुने कारणले तुलनात्मक रूपले वायु प्रदूषण कम हुन्छ । गर्मीको समयमा तापक्रम पनि



बढी हुने भएकाले सखारै मर्निङ वाकमा निस्कने सबैलाई बिहानी शीतलताको स्पर्श सायद लाभदायक नै हुँदो हो । तर हिउँद महिनामा उपत्यकाको धूलो, सवारी साधन र इँटाभट्टाबाट निस्कने धूवाँको उत्सर्जनको अतिरिक्त यदाकदा फोहोरमैला सहितको घरायसी घुरान खुला रूपमा जलाउने प्रवृत्तिका कारण निस्कने मनोक्साइड समेतका विषाक्त कणहरू उपत्यकाको वायुमण्डल बिगार्ने मुख्य कारक तत्व हुने गरेका छन् । यस्तै तत्वहरू वायुमण्डलमा रहिरहँदा उपत्यकाबासीले बाध्य भएर सोही विषाक्त कणसहितको धूमिल मौसमी हावामा दैनिक श्वास प्रश्वास गर्नु परिरहेको छ ।

प्रकाश संश्लेषण (फोटोसेन्थेसिस) को सिद्धान्तअनुसार प्रत्येक बोटबिरुवाले आफूलाई आवश्यक पर्ने खाना (ग्लुकोज) बनाउँछ । बोटबिरुवाका लागि अत्यावश्यक रसदपानीको कच्चापदार्थ, घामको उज्यालो जमिनमुनिको खनिजयुक्त पानी र हावामा तैरेको कार्बनडाइअक्साइड नै हो । यिनकै सहारा लिएर बोटबिरुवाले आफ्नो क्लोरोफिलयुक्त पातमार्फत आफूलाई चाहिने ग्लुकोज बनाउँछन् । यो समयमा बोटबिरुवाले वायुमण्डलमा भएको कार्बनडाइअक्साइड लिएर अक्सिजन फाल्छन् । त्यसैले जति धेरै बोटबिरुवा हाम्रो वरपर हुर्काउन सक्यो त्यति नै स्वच्छ हावा प्राप्त हुन्छ । उक्त अक्सिजन हामी सबैको प्राणवायु हो भन्ने तथ्य कोभिड कालमा अक्सिजनको हाहाकारले सबैलाई जानकारी गराएकै छ ।

विज्ञानले प्रमाणित गरेको अर्को तथ्य के पनि हो भने केही अपवादबाहेक बोटबिरुवाले पनि रातमा हामीले जस्तै अक्सिजन लिने र कार्बनडाइअक्साइड फाँक्ने काम बाँकी ८ पेजमा

## भारतीयलाई नागरिकता दिलाउन वडाध्यक्ष नै संलग्न

काठमाडौं । सप्तरीमा जनप्रतिनिधिले भारतीय नागरिकलाई नेपाली नागरिकताका लागि सिफारिसदेखि सर्जमिनसम्म उपलब्ध गराइदिने गरेको भेटिएको छ। नागरिकता बनाइदिन आमा बनेकी माइजू र भारतीय मूलका उनका भान्जालाई प्रहरीले नियन्त्रणमा लिएपछि यस्तो तथ्य बाहिरिएको हो ।

पक्राउ पर्नेमा डाक्नेश्वरी नगरपालिका-३ की फुलियादेवी मुखिया र भारत विहार बाँकी ८ पेजमा

## अब सांसदको विद्युतीय हाजिरी

काठमाडौं । संघीय संसद्का सांसदका लागि पहिलोपटक विद्युतीय हाजिरीको व्यवस्थापन गरिएको छ। संसद् सचिवालयले राष्ट्रिय सभामा विद्युतीय हाजिरी लागू गर्न परीक्षण थालेको हो। प्रतिनिधिसभामा भने सभामुख चुनिएपछि व्यवस्थापन गरिने सचिवालयले जनाएको छ।

सांसदले यसअघि हाजिरी पुस्तिकामा हाजिर गर्दै आएका बाँकी ८ पेजमा

# किन सम्झने पृथ्वीनारायण शाहलाई ?

सन्दर्भ २०० औं पृथ्वी जयन्ती

■ तेजेन्द्र प्रसाईं

पृथ्वीनारायणको जन्मदिन अर्थात् २७ पुसको छेको पारेर हरेक वर्ष पृथ्वीनारायण शाहबारे चर्चा हुने गर्छ। यस दिनलाई राष्ट्रिय एकता दिवसका रूपमा नेपाली जनताले मनाउँदै आएका छन् । तर सरकारले पृथ्वी जयन्तीका दिन सार्वजनिक बिदा दिने परम्परालाई यसपटकदेखि निरन्तरता दिनेछ या छैन अहिले नै एकिन भएको छैन ।

नेपाली सेनाले समेत पृथ्वी जयन्तीलाई भव्यताका साथ मनाउने गरेको छ । पृथ्वीनारायणले नै हो आधुनिक नेपालमा सैनिक संरचना खडा गरेको । उपत्यका जितेपछि यिनैले भक्तपुरको चन्द्रसूर्य अंकित झन्डालाई राष्ट्रिय झन्डा बनाए । देशको नाम गोर्खा राखेनन् नेपाल राखे अनि भाषालाई खस भनेनन् नेपाली भने । कुमारीको पूजा गरेर धार्मिक सहिष्णुताको उच्च विचार प्रदर्शन गरे । सिंगो जीवन नेपाल एकीकरणको अभियानमा समर्पित गर्ने यी राजामात्र थिएनन् एक कुशल युद्ध नायक समेत थिए । गुरिल्ला युद्धका सर्जक पृथ्वीनारायण नभएका भए आज नेपाल भन्ने देश विश्व मानचित्रमा सायदै हुने थियो ।

पृथ्वी जयन्तीलाई राज्यले किन औपचारिक रूपमा मनाउन छोड्यो ? किन सार्वजनिक बिदा कटौती गरियो ? यसमा विशेषतः क्रिश्चिनरी मिसन र नश्लवादी चिन्तनले काम गरेको बुझ्न गाह्रो छैन । गोर्खालाई काठमाडौं उपत्यकामा विजयी हुन नदिने उद्देश्यले पादरीहरूले कम्पनी सरकार र मल्ल राजासँग साँठगाँठ गरेका छन् भन्ने आशंकामा पृथ्वीनारायण उनीहरूप्रति निर्मम बनेको इसाई मिसिनरीले अझै लेखिरहेका छन् । प्राज्ञिक कर्ममा संलग्न अधिकांश स्वदेशी विदेशी विद्वानले पनि यस्तै आशय राख्ने गरेका छन् । पृथ्वीनारायणका आलोचकले



सिन्धुलीगढीको युद्धबारे उल्लेख नै नगरी पादरीलाई उनीहरूका अनुयायीसहित नेपालबाट निकालिएको प्रसंग बारम्बार दोहोऱ्याउने गरेका छन् । पृथ्वीनारायणका हिन्दुवादी समर्थकले भने सिन्धुलीगढी युद्धअघि पादरीसँग पृथ्वीनारायणको न्यानो सम्बन्धबारे मौनता साँध्ने गरेका छन् । यसबारे चर्चै नगरी इसाई अतिक्रमणबाट नेपाली धर्म संस्कृतिको जगेर्ना गर्न प्रतिबद्ध राजाका रूपमा उनलाई प्रस्तुत गर्ने गरेका छन् । तर उपलब्ध तथ्यले यस्ता यावत अडकलबाजी र दाबी गलत छन् भन्ने देखाउँछ ।

कम्पनी फौजलाई काठमाडौं ल्याउन पादरीहरूले समन्वय गरेको साँचो हो । सरकारका तत्कालीन दस्तावेज पढ्दा फगत आशंकाकै भरमा पृथ्वीनारायण उनीहरूप्रति कठोर बनेका थिएनन् भन्ने स्पष्ट हुन्छ । क्याप्टेन किनलकको नेतृत्वमा लिइएको सैन्य अग्रसरताको राजनीतिक लगाम सम्हालेका कम्पनी सरकारका पटना प्रमुख थोमस रेम्बोल्डले सन १९६७ डिसेम्बर १९ र सन १९६८ जनवरी ३ मा आफूभन्दा माथिको 'सेलेक्ट कमिटी' लाई लेखेको पत्रमा पादरीहरूको संलग्नताबारे प्रकाश पारिएको छ । पत्रमा भनिएको छ– 'नेपालका राजा -जयप्रकाश) हतास अवस्थामा बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४७०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# वायु प्रदूषणको चपेटामा राजधानी

राजधानी काठमाडौँ विश्वकै प्रदूषित सहरको सूचीमा अग्रपंक्तिमा छ । यहाँको वायु प्रदूषणका लागि सवारी साधनले गर्ने उत्सर्जन प्रमुख कारक रहँदै आएको छ। खनिज इन्धन बाल्दा निस्कने मानिसको रौँको मोटाइ भन्दा ५०औँ गुणा साना वायु प्रदूषणका कणहरू (पीएम २.५) फोक्सो हुँदै मानिसको रगतमा प्रवेश गर्ने र यसले जलन तथा सुजन बढाउने विभिन्न अध्ययनले देखाएका छन्। यसबाहेक श्वास/प्रश्वाससम्बन्धी तथा मुटु रोगका लागि पनि वायु प्रदूषण कारक मानिन्छ ।

राजधानी उपत्यकामा मात्र दुई पांग्रेसहित १६ लाख सवारी साधन गुड्ने सरकारी तथ्यांक छ । मर्मत सम्भार राम्रोसँग नगरिएका यी सवारी साधनले फ्याँक्ने कालो धुवाँले राजधानीबासीको जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्दै आएको छ । पुस १ देखि विभागले सवारी साधनको छड्के चेक जाँच अभियानलाई थप प्रभावकारी पारेको छ। यही अभियानअन्तर्गत वातावरण विभागले मंसिर १६ देखि पुस ८ सम्म ३४१ सार्वजनिक सवारी साधनको प्रदूषण जाँच गर्दा ४१ प्रतिशत फेल भएका छन् । प्रदूषण जाँच गरिएका ३४१ मध्ये १४३ सवारी साधनले गर्ने उत्सर्जन तोकिएको भन्दा बढी पाइएको छ भने १९८ सवारी साधनले यो परीक्षण पास गरेका छन् । परीक्षण गरिएका सवारी साधनहरूमा डिजेलबाट चल्ने सार्वजनिक बस, पानी बोक्ने ट्यांकर तथा माइक्रो बस थिए ।

लाखौँ मानिस बसोबास गर्ने राजधानी उपत्यकामा परीक्षण गरिएकामध्ये झण्डै आधा जस्तो सवारी साधन फेल हुनु चिन्ताको विषय हो । वास्तवमा सवारी प्रदूषण जाँचको अनिवार्य व्यवस्था भएर पनि कार्यान्वयन नभएका कारण यस्तो स्थिति आएको छ । यस अर्थमा नियामक निकाय प्रदूषण न्यूनीकरण गर्न गंभीर हुनैपर्छ । विभागले आगामी दिनमा यो परीक्षणलाई थप कडाइका साथ अगाडि बढाउने बताएको छ । हाल विभागले साताको ३ दिन राजधानीका विभिन्न स्थानमा यस्ता छड्के परीक्षण गरेको जनाएको छ । यसैगरी यसअघि सवारी साधनले उत्सर्जन परीक्षण गर्दा तोकिएका मापदण्डभन्दा बढी प्रदूषण गरिरहेका सवारी साधनलाई एक पटकका लागि मर्मत गरी अवस्था दुरूस्त राख्न अवसर दिइएकामा विभागले पुस १ गतेदेखि प्रदूषण परीक्षण पास नगरेका सवारी साधनलाई पास नगरेसम्म सडकमा गुड्न प्रतिबन्ध लगाएको छ ।

पहिलो पटकको परीक्षणमा फेल भएका सवारी साधनले ५ हजार रूपियाँ जरिवाना तिर्नुपर्ने व्यवस्था गरिएको छ । विभागले गत मंसिर २२ गते सार्वजनिक सूचना नै प्रकाशित गरेर यो घोषणा गरेको हो । नयाँ प्रावधानअनुसार पुस १ गतेपछि प्रदूषण जाँच पास नभएको सवारी साधनहरूलाई १ लाखसम्म जरिवाना तिर्नुपर्नेछ । एउटै सवारी साधन बारम्बार प्रदूषण जाँचमा असफल हुँदा १ लाखसम्म जरिवाना तिर्नुपर्ने व्यवस्था गरिएको हो । यसले सवारी धनीहरूलाई आफ्ना सवारी साधन चुस्त र दुरूस्त राख्न दबाब सिर्जना गर्ने अपेक्षा गरिएको छ । सरकारी निकायले गर्ने नियमन र कारबाहीले मात्र यो समस्या समाधान हुन सक्दैन । सर्वसाधारणले पनि आफ्ना सवारी साधनलाई नियमित मर्मत संभार गर्न आवश्यक छ । वायु प्रदूषणले सवारी साधन धनीलाई समेत उत्तिकै प्रभाव पारिरहेको हुन्छ ।

यसैगरी खुला रूपमा फोहोर जलाउँदा निस्कने धुवाँ राजधानी काठमाडौँको प्रदूषणको अर्को प्रमुख कारण मानिन्छ । राजधानीभित्र रहेका विभिन्न स्थानीय निकायले खुला रूपमा फोहोर जलाउने कार्यको रोकथाम गर्न थप सक्रियता आवश्यक छ । प्लास्टिकजन्य फोहोर, टायर लगायतका वस्तु जलाउँदा निस्कने धुवाँमा मानव स्वास्थ्यका लागि हानिकारक विषाक्त कण हुन्छन् । त्यसो त, विभागले सर्वसाधारणलाई आफ्नो टोल, छरछिमेकमा खुला रूपमा कोही कसैले फोहोर जलाउने कार्य गरिरहेको छ भने त्यसको जानकारी गराउनसमेत अनुरोध गरेको छ । तर यसप्रकारका जानकारी विभागलाई उपलब्ध गराउन आमचासो देखिँदैन । यो सन्दर्भमा वातावरण विभाग तथा महानगरपालिकाले संयुक्तरूपमा निगरानी राख्ने र आमसर्वसाधारणलाई चेतना बढाउने कार्य गर्न आवश्यक छ ।


यसैगरी सडकबाट निस्कने धुलो राजधानीको वायु प्रदूषणका लागि अर्को प्रमुख कारण हो । खानेपानी, ढल, टेलिफोन तथा सडक निर्माण र मर्मतका कार्यमा समन्वय नहुँदा वर्षभरि नै विभिन्नखाले निर्माण गतिविधि सञ्चालन भैरहेका देखिन्छ । सम्बद्ध निकायले समन्वयात्मक रूपमा काम गर्न सकेमा यसलाई केही हदसम्म रोक्न सकिन्छ ।

# अर्थतन्त्र धरापमा, मतदाता दोषी




सुरेन्द्र ढकाल

स्वदेशी र विदेशी गरी नेपाल सरकारले लिएको कुल ऋण २० खरबको हाराहारीमा पुग्दैछ। प्रत्येक नेपाली बालक जन्मँदै ६९ हजारको ऋण बोकेर यस देशमा जन्मन्छ। विदेशी ऋणको ब्याज विदेशी मुद्रामै तिर्नु पर्छ । बजेटमा यसलाई वित्तीय खर्च भनेर छुट्याइएको हुन्छ। त्यस्तो ब्याज तिर्नका लागि विदेशी मुद्राको सञ्चिति राम्रो अवस्थामा हुनुपर्छ। अर्कोतर्फ देश आर्थिक रुपमा आत्मनिर्भर हुने हो भने उद्योगले तिरेको अन्तशुल्क, जनताले तिरेको सम्पत्ती (घरजग्गा मालपोत) कर, व्यक्तिले तिरेको आयकर र व्यवसायले तिरेको मूल्य अभिवृद्धि करले चल्नुपर्ने हो तर नेपालको अर्थतन्त्र आयात गरी संकलन गरेको भन्सार राजस्वले चल्ने गरेको छ। आयात गर्न पनि विदेशी मुद्रा नभई हुँदैन अनि यस्तो मुद्राको संचिति नै छैन भने कताबाट आयात गर्ने। भारत र चीन दुबै छिमेकीले नेपाली मुद्रालाई मान्यता दिएका छैनन् । दिने कुरा पनि भएन आयात गरेर खाने संसारको सबैभन्दा ठूलो ब्यापारघाटा भएको मुलुकलाई। देश हुण्डीबाट प्राप्त विदेशी मुद्रा चल्ने भएपछि कमसेकम सरकारले देशमा विदेशी मुद्रा भित्र्याउनेहरूलाई ठूलो वित्तीय र गैरवित्तीय सुविधा र प्रोत्साहन दिनुपर्ने हो, पर्यटन प्रवर्द्धनलाई मुख्य एजेण्ड बनाउनुपर्ने हो, विदेशी लगानीलाई नीति र प्रकृयागत दुवै स्तरमा प्रोत्साहन दिनुपर्ने हो, आयात प्रतिष्थापन गर्ने कृषि र उद्योगको आधुनिकीकरण गर्नुपर्ने हो तर त्यस्तो गर्ने कुनै पनि सोच हालसम्मका सरकारमा पनि देखिएको छैन। सरकार भने त्यसको ठीक उल्टो त्यस्तो क्षेत्रलाई चिढ्याउने काम गर्छ भन्ने कुरा मोबाइल फोनमा लगाएको १८ प्रतिशतको भन्सार प्रकरणले सावित गरेको छ। तुरुन्तै फिर्ता लिनुपर्छ भन्ने थाहा हुँदाहुँदै किन यस्तो निर्णय गरियो ? यसले नयाँ सरकारको पहिलो गाँसमै झिंगा परेको छ।




सरकारलाई आर्थिक रुपमा सवल देखाई जनताको प्रशंसा बटुल्न प्रजातन्त्रपछि बनेको हरेक सरकारले





बजेटको आकार बढाउँदै लग्ने गर्छ तर त्यही बजेटको विकास याने पुँजिगत खर्च आर्थिक वर्षको ९ महिना बित्दा पनि ३० प्रतिशतसम्म पनि हुँदैन। अनि असार मसान्तमा हतारमा बजेट सिध्याउने नाममा गुणस्तरविहिन काम हुन्छन्, ठेकेदार र कमिसन खाने राजनीतिक दलहरू मोटाउँछन्। उनीहरूले यसरी कमिसनमार्फत जम्मा गरेको पैसा चुनावताका भरमार खर्च गर्छन् जसको कारण बजारमा मुद्रा प्रवाह बढछ तर वस्तुको प्रवाह बढ्दैन अनि महँगी झण्डै १० प्रतिशतको हाराहारीमा बढ्छ।

ऋण र महँगीको भार बोकाउने यस्ता राजनीतिक दलहरूलाई नै मतदाताहरूले फेरि चुनाव जितेर सरकारमा पठाउँछन् भने देश आर्थिक रुपमा कहीँ उँभो लाग्छ ? चामलदेखि नुनसम्म आयात गरेर खाने देशमा भोलि विदेशी मुद्राको संचिति शून्यमा झऱ्यो भने एक बोरा पैसा लिएर एक किलो चामल किन्न नपाउने दिन आउँछ भन्ने कुरा यी मतदाताहरूलाई थाहा छ कि छैन ? श्रीलंकामा राष्ट्रपतिले देश छोडेर भागेको देख्दादेख्दै के कारणले भाग्न परेको भन्ने सामान्य लेखा पनि यहाँका मतदाताहरूले राख्दैनन् र उही असक्षम, कमिसनखोर अनि भ्रष्टहरूलाई चुनाव जितेर पठाउने कार्य गरिरहन्छन् भने आर्थिक विकाशको प्रतिष्पर्धामा तँछाडमछाड गर्दै अघि बढिरहेका दुई विशाल छिमेकीको बीचमा रहेको यो देशको के हविगत हुन्छ भनेर कसले सोच्ने अब ? चीनको आर्थिक विकासले अमेरिका र युरोपलाई उछिन्दै छ ।

जी सेभेन भित्रको बेलायतको स्थान भारतले लिन लागिसक्यो तर यो देशको अर्थमन्त्रीमा भने यस्तो मान्छे आउँछ जो सरकारी जग्गा गैरकानुनी ढंगबाट हडपेर जनदबाब आएपछि फिर्ता गरेर चोखिएको भित्र पर्दछ। प्रजातन्त्र र आर्थिक रुपमा आत्मनिर्भरता राष्ट्रवादी सिक्काको दुइवटा पाटा हुन् तर यस देशमा भने प्रजातन्त्रको नाममा सत्तामा बसेका राजनीतिक दलहरूले अर्थतन्त्रलाई परनिर्भरतातर्फ लगी तहसनहस गर्दैछन् अनि यस देशका मतदाताहरू तिनीहरूकै जयजयकार गरिरहेका छन् भने कतातर्फ लाग्दैछ यो देश ? अर्थतन्त्र धरापतर्फ जानुमा नेताहरू होइन यिनीहरूलाई चुनाव जिताउने मतदाताहरू जिम्मेवार छन् ।


# हाम्री आमा भन्नु नै नेपालको माटो हो



जगदीश लामिछाने
रौतहट, पौराई

लंकाका घरहरू सुनैसुनले बनेको भए पनि भगवान रामले आफ्नी आमा र जन्मभूमि प्यारो लागेको जवाफ लक्ष्मणलाई दिनुभएको थियो । हाम्रो देश राजा मानदेवको हो, अंशुबर्माको हो, पृथ्वीनारायण शाहको र राजकुमार बहादुर शाह समेतको हो । लाखौंलाख गोरक्ष जातिले विदेशमा र स्वदेशमै पनि आवश्यक रगत र पसिना सिञ्चन गरी रक्षा गरिएको हो । यो नेपालको झन्डा उँचो राख्न विदेश फकल्यान्डमा रगत बगाएनन् कि ? छिमेकीकै लागि पनि गोर्खा फौजले रगत दिएको र पसिना चुहाएको नेपालकै लागि हो । बहादुर अंग्रेज तथा तिब्बत चीनसित नेपालतर्फबाट लड्नु सामान्य कुरा हो । अहिले यही नेपालको माटोको राष्ट्रियता आज फुट र गुटगुटमा विदेशीहरूले पारेको हामीले होस गर्न सकेनौं । त्यसैले हामी जीवन र मरणको दोसाँधमा पर्न आएकोमा होस् गर्न ढिला भइसकेको छ । नेपालीहरू नै गोर्खाली भएर हुन्छ कि नेपाली भएर हुन्छ मर्न नडराउने सर्वसाधारण छन् । एउटा जाबो कुरामा पनि यो यो हो यो होइन भनी विद्वान्हरूमा पनि दोहोरो विचार आउँछ के यो महेन्द्र अथवा त्रिभुवनकै मात्र देश हो कि देशको माटो सार्वभौमिक हो ? अब विचार नगरी नहुने भयो । प्रसंग नयाँ पत्रिका २०७० फागुन १६ र २४ मा क्रमशः रा.प्र.उ. पोखरेल र अरबिन्द रिमालका स्मृतिपत्र तुहाउने को हो ? भन्ने विषयबाट सुरु गरौं ।

यस्ता खतरनाक स्मृतिपत्र र कारबाही कति भए ? त्योतर्फ गएर अब साध्य हुने भएन, यो लेखक उक्त दुवै विद्वानका विचारलाई आदर गर्दछ । श्री ५ त्रिभुवनले प्रजातन्त्र पोल्टामा हालेर फागुन ७ गते ल्याएकै हुन् । टंकप्रसाद आचार्य जिउँदा सहिद पनि हुन् र उनैको दल प्रजा परिषद्का १९९७ सालका ४ सहिद पनि हुन् भन्ने छर्लंग नै छ । बरु




ती ४ सहिदको सालिक भएको सहिद ढोका (सहिद गेट) मा केही वर्षदेखि २०७० सम्म सहिद दिवस प्रशासनले किन मनाएन भने त्यहाँ त्रिभुवनलाई दोधारमा पारिएर होला । के हामी यसैगरी देशको आफ्नो माटो नेपालको राष्ट्रियतामा छलफल गर्न मिल्छ ? भन्न खोजिएको हो ।

अब दुई थरी अर्थात् सरकार र जनता न होऔं बरु एउटै आवाज सरकार तथा जनताको होस् अनि मात्र २००७ सालतिरको तिक्तता पन्छन्छ नत्र बारम्बार नेपाली जनताले यस्तै दुःख पाउने क्रमभंग हुँदैन । यस विषयमा नेपाल सरकार के ठान्छ जवाफ एकमतले खोजौं । २००७ सालभन्दा पछि यो देशको माया ज्यादै बढेको छ । यो कुरामा वर्तमान सरकार पनि सचेत हुन आवश्यक छ । माथिका दुई विद्वान जस्ता विद्वान्हरूले सहमति नगरे हामी झन् दुःख पाउँछौं भन्ने मात्र हो । नेपाल सरकारमा रहने दलहरूको संयुक्त सोचाइ के छ ? के टनकपुर भारतको हो भनेर समस्या सुल्झन्छ कि बल्झन्छ ? देशका पिलर बारम्बार सर्दा र हराउँदा सरकार के भन्छ ?

केही वर्षअगाडिकै कुरा हो । बिरालो कालो वा सेतो जस्तो भए पनि मुसा मार्नुपर्छ भनी छिमेकी देशका माउत्सेतुङका विचारले चीनको कायापलट भएको छ । यता दक्षिणतिर महात्मा गान्धीले विश्वयुद्धमा अलमलिएको बेला समेत पारेर भारतबाट अंग्रेज हटाउनुभयो र भारतमा उन्नति भएको छ । यसरी उनीहरू दुवै आआफ्नो देशका निर्माणकर्ता भए । खोई नेपालमा त्यस्तो भावना आएको ? अहिले त रोटी र बेटीको कुराले न्यायसम्मत पुराना नेपाली सिमाना र खम्बा हराउँदा ती पिलरहरू बत्ती बालेर छिमेकतिर खोज्न जाने हामी कति बुद्धिमान र कति कातर गोर्खाली ? यो प्रश्नचाहिँ सम्पूर्ण नेपाली मात्रलाई सोध्न मन लागेको छ । किनभने रोटी बेटी त सम्पूर्ण विश्वमै नेपालीको छँदैछ युरोप अमेरिका र एसिया कुन देशमा छैन र ? रोटी बेटीकै नाताले संसारमा एउटै देश नहुने कैयौं देश छन् ती सबैको आफ्नो माटो छुट्टै छ छैन ? यो प्रश्न पनि नेपाली मात्रलाई छ ।

हामी त घरमै गाउँमै छिरेर पराइले स्कुल धारो र पिँढी बनाई दिँदा अंग्रेज बाबु र भारतीय भैयाप्रति रगतका आँसु चुहाएर धन्यवाद दिन मस्त छौं । भोलि अफगानिस्तान र पाकिस्तान हुन परे तयार छौं कि छैनौं ? फेरि हामी यही देशका काँतर गोर्खालीलाई सोध्न मन लागेको छ भारतीय एसडी मुनिलाई सोध्नु कुनै अर्थ हुँदैन । अब जवाफ नेपाल सरकारले दिनुपर्छ । दिन तयार छ छैन ?

अहिले यहाँ नेपालमाथि अत्यन्त कठिन धार्मिक र सामाजिक हमला भइरहेको छ । राजनीतिक हमला हुने दाउ प्रस्ट भइसकेको छ । यहाँ संसारका केही विदेशी शक्तिहरूबाट हामी नेपालीलाई छानी छानी टुक्र्याउन खोज्नेविरुद्ध टुक्रिएर होइन, एक भएर आफ्नी आमा अर्थात् नेपालको माटो खोज्न पर्ने भएको छ । मरेका त्रिभुवन, महेन्द्र, पृथ्वीनारायण, बहादुर शाह र भीमसेन थापालाई पनि गाली नगरौं । कहिले देश जोगाएँ भन्दै २००७ सालतिर भारत गएर आउने बित्तिकै गोरखापत्रमा छपाउने कहिले उतै गएर बस्ने मोहनशमशेर होउन् अथवा भारतभक्त कहिले, कहिले नेपालवादी विश्वेश्वर तथा डिल्लीरमण मन्त्रीकै पनि दोष नखोतलौं । यी सबैलाई उनका गुण छन् भने लिएर बैगुणको चर्चा पनि नगरेर बसौं । यति गरेनौं भने हामी एक्लिन बेर छैन । हामी सबै मिलेर पुराना न्यायसम्मत हराएका नेपालका पिलर, खम्बा, सिमाना खोजौं यही मात्र हाम्रो कर्तव्य छ ।

अन्त्यमा प्रा.डा.सुरेन्द्र केसी, बुद्धिनारायण श्रेष्ठको सीमा संग्राम किताबमा जस्तो 'नेपाललाई कुनै एक देशतर्फ गाभ्ने ?' भन्ने प्रश्न तपाईंको कलमले अब कहिल्यै नलेखोस् । सीमाविद् बुद्धिनारायण श्रेष्ठको सत्प्रयास सफल होस् । हामी एक भई प्रा.डा. सुरेन्द्र केसीज्यूकै शब्दमा 'सिंगो बौद्धिक वर्ग एक भएर' हाम्रा सबै सिमानाका खम्बाहरू खोज्न अबेर भइसक्यो । हाम्रै छिमेकी भारतले भनेझैँ एक स्वरले नेपाल आमाको माटो अत्यधिक जनताले र राजनीतिक दलहरूले समेत सबै मिलेर खोजौं, विवाद नगरौं अबेर नगरौं, अफगानिस्तान र पाकिस्तानको नियति नरोजौं ।

सीमा हराए हामी अवश्य मर्नेछौं कुनै पनि राजा महाराजा तथा नेता उपनेताले यो देशको माटो र सिमाना अरु कसैलाई दिएर दिइँदैन, लिएर यो संसारमा अब लिइँदैन पनि । आफ्नो इज्जत हुने देशले बुद्धिमानीपूर्वक अर्काको देश लिँदैन पनि यो ध्रुवसत्य छ, फेरि एकपटक भनौं ।

*अपि स्वर्णमयी लंका न मे लक्ष्मण रोचते*
*जननी जन्मभूमिश्च स्वर्गादपि गरियसि ।*

# हाम्रो सामाजिक सक्रियता

## भद्रा घले शिक्षा सदन विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल

का.म.न.पा वडा नं. १० देवीनगरमा अवस्थित यस भद्रा घले शिक्षा सदन विद्यालयको स्थापना २०६२ सालमा समाजसेवी श्री भद्रा घलेबाट भएको हो। बालकक्षादेखि १० कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको यस विद्यालयले गरिब, पिछडिएको तथा आमाबाबु कारागार भएकाहरूको बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा दिने यसको उद्देश्य रहेको छ र सोहीअनुरुप हाल यस विद्यालयमा विभिन्न कक्षामा गरी १६० बालबालिकाहरू अध्ययनरत छन् ।

स्थापनाकालमा कन्या सदनको रुपमा बालिका शिक्षामा केन्द्रित भए तापनि पछि गएर बालबालिका दुबैलाई अध्यापन गराउने गरी विद्यालयको नाम भद्रा घले शिक्षा सदन विद्यालय राखिएको हो ।

तत्कालिन अवस्थामा जिल्ला शिक्षा कार्यालयले माध्यामिक तहसम्म अध्ययन अध्यापन गराउने सार्वजनिक शैक्षिक गुठीको रुपमा स्वीकृति दिएबमोजिम यस विद्यालय सञ्चालन हुँदै आएको छ। स्थापनाकालपश्चात थुप्रै उतारचढावबीच अगाडि बढिरहेको यस विद्यालय आफ्नै स्रोत र साधनबाट संचालित छ। हाल शिक्षकको कुल संख्या २० रहेको छ र त्यसमध्ये १५ शिक्षिकाहरू रहेका छन् । लेखा, सरसफाइ र कार्यको लागि ३ जना कर्मचारी रहेका छन् ।

२०७९ सालदेखि यस विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको छ र यसबाट जेहेन्दार बालबालिकाहरू लाभान्वित भएका छन्। प्रतिष्ठानले रु एक लाख बराबरको विद्यालय पोसाक वितरण गरेर विद्यालयसँग सहकार्यको शुरुवात गरेको छ। आगामी वर्षहरूमा आफ्नो क्षमताअनुसार विद्यालयलाई आवश्यक सहयोग गर्दै जाने प्रतिष्ठानले प्रतिबद्धता समेत जाहेर गरेबाट विद्यालयका आगामी दिनहरू केही सहज हुन जाने अपेक्षा गर्न सकिन्छ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य भई विद्यालय पोसाक सहयोग प्राप्त भएको कारण बालबालिकाका अभिभावकहरूलाई केही राहत प्राप्त भई उनीहरूको आर्थिक अवस्था थोरै भए पनि सहज हुन गई विद्यालयप्रति उनीहरूमा सकारात्मक सोचको विकास हुन जानुले विद्यालय र अभिभावकबीचको सम्बन्ध गाढा हुन गएको छ। प्रतिष्ठानसँगको सहकार्यलाई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ उच्च मूल्यांकन गर्दै विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने प्रतिबद्धता जाहेर गर्दछ।
















व्यंग्य

# एकादेशको कथा

लक्ष्मण गाम्नागे

एकादेशमा एउटा देश थियो रे ! देश भएपछि त्यहाँ नागरिक हुने नै भए। नागरिक भएपछि कसै न कसैले त्यहाँ नेता भएर अवतार लिने नै भए। नेता जन्मेकैले गर्दा त्यहाँका नागरिक जनतामा रूपान्तरति भए रे ! यदि त्यहाँ नेता नभएका भए ती नागरिक नागरिक मात्रै हुन्थे वा मान्छे मात्रै हुन्थे रे तर तिनीहरूभन्दा धेरै माथि टाउकामा बसेर शासन गर्ने नेताहरूको प्रतिष्ठाका लागि तिनीहरू जनता भइदिए रे !

जनता भएपछि निरीहता हुने नै भयो। जनता निरीह थिए। उनीहरूलाई सधैं खान लगाउनको दुःख थियो। यातायातको असुविधा थियो। खानेपानी थिएन। अस्पताल थिएन। स्कुल थिएन। बिजुली थिएन। भए पनि कम्ती थियो, अपुग थियो। उनीहरूलाई आफ्ना भाग्यविधातासँग अनेक मागहरू राख्न सिकाइएको थियो। नेता नहुँदा देउतालाई उनीहरू भाग्यविधाता सम्झन्थे, नेता जन्मेपछि नेतालाई नै भाग्यविधाता सम्झन थाले। आफूसमक्ष माग राखिएपछि नेताहरू साह्रै खुसी हुन्थे । आफूलाई देउता नै ठान्थे र जनताले जति माग गर्थे, त्यसमा कैयौं गुना थपेर उनीहरू जनतालाई 'तथास्तु' भनिदिन्थे।

सुरुसुरुमा त्यहाँका जनताले कसैसँग केही माग्न जानेका थिएनन्। आफ्नै मेलोमेसो गर्थे, हलो-कोदालो गर्थे, खर्क र बेसी गर्थे। मिहिनेत गर्थे, खान्थे। नेताहरूले नै आफैंसँग उनीहरूलाई माग राख्न उक्साएका हुन्। जनताका माग सारै सामान्य खालका स-साना हुन्थे। उनीहरू विचार गर्थे पूरा हुनेसम्मका माग राख्नुपर्छ, पूरा नहुने सपना देख्नुहुन्न। तर, नेताहरू एकपछि अर्को उनीहरूका घर-आँगनमा आउँथे र जनताले देखेका सपनाभन्दा सय गुना ठूला सपना देख्न लगाउँथे।

जनता बिहान-बेलुकाको छाक ढिँडो, गुन्द्रक, आटो-पीठो जेले भए पनि टार्ने सपना देख्थे र नेताहरूसमक्ष त्यसका लागि भरथेगको माग राख्थे। नेताहरू दाल, तरकारी, अचार, गाईको दूधसँग मसिना चामलको भात खुवाउने कुरा गर्थे। साताको एक-दुई छाक माछामासु र फलफूल पनि खान पाउने व्यवस्था गर्रिदने वचन दिन्थे। प्रत्येक जनतासँग एउटा घर, खेती, चरन र लैनो गाई हुनेछ भनेर घोषणा गर्रिदन्थे।

जनताले गाउँमा एउटा प्राथमिक स्कुलको सपना देखे। नेताहरू आएर तिमीहरूलाई नाथे प्राइमरी स्कुलले कहाँ पुग्छ, विश्वविद्यालय नै चाहिन्छ भन्दै विश्वविद्यालय ल्याउने निर्णय गरेर सही गर्रिदए। जनता स्वास्थ्य कार्यकर्तासम्म भएको एउटा स्वास्थ्य चौकी भए हुन्थ्यो भनेर कुरा उठाउँथे, नेताहरू डाक्टरहरूले भरिएको कुन्नि कति शय्याको ठूलै अस्पताल ल्याइदिन राजधानीतिर लाग्थे।

जनताको गाउँमा बाटोको सारै समस्या थियो। कति भरियाहरू, कति गोठालाहरू, कति घाँसीहरू, कति स्कुले केटाकेटीहरू बाटो हिँड्दा कतिपटक भीरको ढुंगामा ठोक्किएर खोँचमा खसेका थिए। त्यो ढुंगो फुटाएर टाउको नठोक्किने बनाइमाग्न उनीहरूले नेतालाई गुहारे। नेताहरू आएर त्यस भीरमा ढुंगो फुटाउने होइन, सडक खन्ने र कालोपत्रेसमेत गर्ने कटिबद्धता प्रकट गरेर गए। अरू धेरै जना भीरबाट लडेपछि अर्कोपल्ट कुरा उठाउँदा त्यस भीरमा सुरुङ मार्ग नै बनाउने टुंगो लगाएर नेताहरू सहर पसे र उतै बसे। जनताको गाउँमा केटाकेटीका लागि खेल्ने चौरको दर्कार थियो। गाउँलेले श्रम लगाएर चौर खन्ने निर्णय गरेको थाहा पाउनासाथ नेताहरूले त्यो ठाउँमा खेल्ने चौर होइन, हवाईजहाज बस्ने एयरपोर्ट नै बनाउने घोषणा गरे।

खानेपानीको झन् कुरै भएन, दुई घन्टा लगाएर कुवामा पुगिन्थ्यो। जनताले त्यस कुराको समाधानका लागि डाकेको बैठकमा एकाएक प्रवेश गरेर नेताहरूले गाउँमा खानेपानी मात्रै होइन, घरघरमा माछा पाल्नसमेत पुग्ने गरी पानी ल्याउने कसम आए। डाँडापारिको खोलाबाट टनेल खनेर कुन्नि कति मेगावाटको विद्युत् उत्पादन केन्द्र बनाउने र सिँचाइसमेतलाई पुग्ने पानी ल्याएर त्यो गाउँलाई नमुना गाउँका रूपमा विकास गर्ने गरी जनताले आशै नगरेका मागसमेत पूरा गर्रिदए नेताहरूले।

जनताले देशमा विकास खोजे, नेताले हिंसात्मक क्रान्ति नै उपलब्ध गराए। जनताले क्रान्ति पुग्यो अब शान्ति र सुरक्षा भए पुग्छ भने, नेताले कहाँ पुग्नु तिमीहरूलाई त संविधानसभा पो चाहिन्छ त भने। जनताले लौ ठीकै छ तर सानो आकारको संविधानसभा भए हामीलाई पुग्छ भने, नेताले सानोले कहाँ पुग्छ, कम्तीमा ६ सय १ जनाको संविधानसभा चाहिन्छ भन्दै जनताले मागेको भन्दा कैयौं गुना ठूलो आकारको संविधानसभा दिएर नेताहरूले चमत्कारै गरे। जनताले दुई वर्षमा बनाएको संविधान हामीलाई पर्याप्त हुन्छ भने। नेताहरूले भने दुई वर्षमा बनाएको संविधानले तिमीहरूका अधिकार रक्षा गर्न सक्तैन, तीन-चार वर्ष लगाएर बनाइदिन्छौं। यसरी नेताहरूले जनताको मागभन्दा धेरै गुना बढी पूर्ति गर्दै गए, गर्दै गए।

लामो अनुसन्धानपछि पत्ता लाग्यो, त्यो देशमा विकास नहुनु र जनताले झन्झन् दुःख पाइरहनुको खास कारण नेताको मन साह्रै ठूलो र जनताको मन साह्रै सानो भएर रहेछ। जनताको बुद्धि नपुगेर तिनीहरूले दुःख पाएका रहेछन्। जनता थोरै थोरै माग्ने, नेता घ्यापघ्यापी दिने। यो माग र आपूर्तिको असन्तुलनले गर्दा देश अगाडि नबढेको रहेछ।

ती महान् र दयालु नेताहरू र साह्रै छोटो मन भएका मूर्ख जनता भएको देश अरू कुन हुन्थ्यो ! हाम्रै देश नेपाल थियो रे !

# इलाम, चिया बगान र गजराज सिंह

ध्रुवसत्य परियार

डा. देवी क्षेत्री दुलालको पुस्तक 'इलामको चिया पर्यटन' अनुसार, इलाममा चियाको इतिहास जंगबहादुरका ज्वाइँ गजराजसिंह थापासम्म पुग्छ। जंगबहादुरका ४२ रानीमध्ये जेठी नन्दकुमारीबाट जन्मिएकी जेठी छोरी वदनकुमारी देवी (मगरनी मैयाँ)सँग थापाको विवाह भएको थियो। लमजुङ पुर्ख्यौली थलो भएको थापाका पुर्खा पृथ्वीनारायण शाहको राज्य विस्तारमा लडाकु दस्ताका रूपमा खटिएका थिए। पृथ्वीनारायणले काठमाडौं विजय गरेसँगै उनका पुर्खा काभ्रेपलाञ्चोकको ओपीमा बसी व्यापार-व्यवसाय गर्न थाले। गजराजको जन्म पनि त्यहीँ भएको थियो। सत्तामा जंगबहादुर उदाएपछि गजराजका बाजे श्यामसिंह सर्वस्वहरणमा परे। जंगबहादुरले तीनपल्ट सर्वस्वहरण गर्दा पनि व्यापारमा उनीहरूको संघर्ष रोकिएन। पछि गजराजलाई छोरी दिएर जंगबहादुरले सम्बन्ध थप सुधारे। छोरीसँगै जंगबहादुरले गजराजलाई इलाम गौँडा खुवा (बिर्ता)को रूपमा दिएका थिए। उसो त गजराजका बुवा काजी हेमदल थापा १८७६ सालदेखि १९२० सम्म इलाम गौँडाका बडाहाकिम रहेका थिए।

कफी तथा चिया विकास शाखा कीर्तिपुरबाट प्रकाशित सुधीर श्रेष्ठको पुस्तक 'चियाखेती म्यानुअल'मा उल्लेख भए अनुसार, १९२० सालमा प्रधानमन्त्री जंगबहादुर राणा चीन भ्रमणबाट फर्कंदा चिनियाँ सम्राटबाट चिनियाँ जातको चियाको बीउ उपहार पाएका थिए। जंगबहादुरबाट सो बीउ रोप्ने आदेश इलामका तत्कालीन बडाहाकिम गजराजले पाए। यसरी १९२० सालमा 'इलाम चिया कमान' र त्यसको दुई वर्षपछि झापाको फाँटमा सोक्तिम चिया कमानको स्थापना गरियो।

डा. दुलालको पुस्तक अनुसार, गजराजले खुवाका रूपमा पाएकाले चियाका यी बगान ४५ वर्षसम्म निजी रूपमै रहे। १९६५ सालदेखि मात्र यसबाट हुने आम्दानीलाई इलाम जिल्लामा समावेश गरेको देखिन्छ। चियाखेतीको इतिहासमा पहिलोपटक नेपालमा चिया बगान बनाउने गजराज नै हुन्। थापाकै नेतृत्वमा वि.सं. १९३२-३४ मा इलाम बजारमा आधुनिक चिया प्रशोधन कारखाना बन्यो, जसले १९३५ बाट चिया उत्पादन प्रारम्भ गरेको थियो।

प्रजातन्त्र आएपछि, वि.सं. २०१५-२०१६ सम्म सन्तवीर लामा (पाख्रिन) इलामको गभर्नर रहेका थिए। आफू गभर्नर रहेकै बेला उनले लेखेको पुस्तक 'इलामदर्पण'मा उल्लेख छ, 'पुगनपुग ९० वर्ष पुरानो चिया बगान समुचित हेरचाहको कमीले गर्दा क्रमशः क्षीण हुँदै गइरहेको छ। तैपनि अहिले यहाँ दुईवटा चिया कारखाना एनकेन प्रकारेण चलिरहेकै छन्।'

यस पुस्तक अनुसार, त्यतिबेला इलामबाट आलु, अलैंची, चिरैता, मजिटा, घिउ, सुँगुरको जगर, पशुपक्षी लगायत अन्दाजी २०-२५ लाख रुपैयाँको जिनिस विदेश निकासी हुन्थ्यो। यस्तै, विदेशबाट घरेलु सामान कपडा, नुन इत्यादि करिब १८-२० लाखसम्मको पैठारी हुन्थ्यो।

२०१६ सालमा निजीस्तरबाट झापाको रंगिया डाँडामा 'बुधकरण टी स्टेट' थालनी भयो। २०२१ सालमा भूमिसुधार नीति लागूपछि झापाका गिरीहरू सामूहिक रूपले चियाखेतीमा लागेको देखिन्छ।



राजा वीरेन्द्र युवराज हुँदा २०२८ पुस २१ गते कन्याममा एक जोडी चिया रोपेर चियाखेती सुरु गरेका थिए। यसरी सुरु भएको चिया बगानमा २०४१ चैतमा आधुनिक चिया प्रशोधन कारखाना खुल्यो, जसको उद्घाटन वीरेन्द्रबाटै भएको थियो। वीरेन्द्रबाटै २०३९ सालमा पूर्वाञ्चलका इलाम, झापा, पाँचथर, तेह्रथुम र धनकुटा जिल्लालाई चिया क्षेत्रको रूपमा घोषणा गरिएको थियो। उसपछि इलामको कन्याम (५३० एकड), चिलिमकोट (५०० एकड) र झापामा दुईवटा चिया कमान स्थापना भएका थिए। त्यसो त २०२३ सालमै 'नेपाल चिया विकास निगम'को स्थापना गरी चियाको प्रवर्द्धनका काम भएको देखिन्छ।

### चियाको इतिहास

चियाको उत्पत्तिकथा पूर्वी एसिया, खासगरी उत्तरी बर्मा र चीनको दक्षिण-पश्चिम क्षेत्रको सीमानातिर पुग्छ। चिनियाँ किंवदन्ती अनुसार, चियाको आविष्कार ईशापूर्व २७३७ मा तत्कालीन सम्राट सेनोङले गरेका थिए। चीनको ऐतिहासिक अभिलेखहरू भन्छन्- चीनको युनानका आदिवासी पुहरूले चिया उत्पादन गर्न थालेका थिए, चिनियाँ शाङ (ईशापूर्व १६००-१०४५) र झोउ राजवंश (ईशापूर्व १०४६-२५६) को प्रारम्भतिर चिया राजाहरूलाई सम्मानका साथ प्रदान गरिन्थ्यो।

ताङ वंश (सन् ६१८-९०७)का बेला स्वाद र स्फूर्तिका लागि चियाको सेवन सुरु हुन थाल्यो। यसरी चीनमा संस्कृतिको रूप लिन थालेको चिया क्रमशः जापान, पश्चिमा देश हुँदै १७औं शताब्दीमा बेलायतमा लोकप्रिय हुन पुग्यो। ब्रिटिस शासन सुरु भएसँगै चिया भारत भित्रिएको हो।

गजराजले पहिलोपटक इलाममा चिया बगान सुरु गर्दा भारतको दार्जिलिङमा चियाको व्यवस्थित खेती सुरु भइसकेको थियो। सन् १९५३ मा भारतको 'टी बोर्ड'ले 'म भारतीय चिया हुँ' शीर्षकको सानो पुस्तिका प्रकाशित गरेको थियो। यस पुस्तिका अनुसार, भारतमा १८९ वर्षअघि चिया रोप्न सुरु गरिएको थियो।

दार्जिलिङमा भने १८३ वर्षअघि (वि.सं. १८९६ मा) पहिलोपटक आलुबारी चियाकमान स्थापना भएको थियो। आलुबारी चियाकमानभन्दा २४ वर्ष मात्र कान्छो छ, गजराजले लगाएको 'इलाम चिया बगान'।

आजभन्दा ५९ वर्षअघि पनि भारतमा ६ हजार ६०० भन्दा बढी चिया बगान थिए, सात लाख ८९ हजार ४७० एकडमा। पुस्तिकामा उल्लेख छ, 'दार्जिलिङ विश्व प्रख्यात पहाडहरू हिमालयको काखमा छ। यहाँको पहाडी शुद्ध वासना र सुगन्धसहितको चियासँग अरु कुनै चियाले प्रतियोगिता गर्न सकेको छैन।'

सुरुवाती दिनहरूमा प्रशोधन कारखानाको अभावमा नेपालले दार्जिलिङकै कारखानाहरूलाई हरियो पत्ती बेच्नुपर्ने अवस्था थियो। यसैलाई ध्यानमा राखी २०३५ मा इलाममा र त्यसको केही वर्षपछि झापाको सोक्तिममा पहिलोपटक प्रशोधन कारखाना स्थापना गरियो।

### इलामको नाम

इलामको नाम रहनुको अनेक सन्दर्भ पाइन्छन्। कृष्णप्रकाश श्रेष्ठको पुस्तक 'स्थाननामकोश'का अनुसार, लिम्बु भाषामा 'इ'को अर्थ 'घुमाउरो' र 'लाम'को अर्थ 'बाटो' भन्ने हुन्छ। यस जिल्लामा घुमाउरा बाटा धेरै भएको हुँदा इलाम नाम सार्थक पनि लाग्छ।

इमानसिंह चेम्जोङका भनाइअनुसार, पर्सियाका मानिस आफ्नो देशलाई 'इलाम' भन्थे, त्यहाँबाट लडाइँ हारेर भागेका केही यहाँ आइपुगे र यहाँको जंगल फाँडेर बस्ती बसाले। आफ्नो देशको सम्झनामा उनीहरूले यसको नाम इलाम राखे र आफूलाई 'इलाम्भू' भन्न थाले।

यस्तै, लिम्बुहरू इलामका आदिवासी लेप्चाहरूलाई 'इमेम्पा' भन्छन्। लेप्चा भाषामा 'इलाङ्ग'को अर्थ माहुरीको मैन हुन्छ, यसैको आधारमा यस ठाउँको नाम इलाम रहेको पनि बताइन्छ।

इसाको नवौं शताब्दीमा यो क्षेत्र उबा हाङको आधिपत्यमा आएको थियो। भनिन्छ, दक्षिणी तिब्बतको केही भाग जितेर सम्पूर्ण किरात प्रदेशमा आधिपत्य जमाएपछि उनले किरात धर्म लाद्न खोजे। त्यसैले बौद्ध धर्मावलम्बी लेप्चाहरू सिक्किम र भुटानतिर बसाइँ सर्न बाध्य भए। १८औं शताब्दीमा तमोर नदीपूर्व लिम्बूवानको भूभागसहित इलाम पनि सिक्किमको अधीनमा गयो। सन् १७७४ मा गोर्खाली फौजले बिजेपुर दखल गरेपछि पहाडका कैयौं किरात नाइकेले किपटजग्गामा आफ्नो स्वायत्त अधिकारसहित गोरखालीको आधिपत्य स्विकारेका थिए। इलामका शासक हाङ्सु फुबाले पनि यसरी नै स्थानीय स्वायत्तता प्राप्त गरे, इलाममा गोरखाली फौज रहन थाल्यो।

इलामको नाम र इतिहाससम्बन्धी यी सबै प्रसंग मैले श्रेष्ठको पुस्तक 'स्थाननामकोश'बाटै लिएको हुँ। मलाई यो पुस्तक प्रामाणिक लाग्छ।

# शीतलहरले स्वास्थ्यमा पार्ने असर र बच्ने उपाय



दिनप्रतिदिन तापक्रम घट्दै छ। चिसो बढेर तराईमा शीतलहर र पहाडमा हिमपात हुने गर्छ। जसकारण बालबालिका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी, दीर्घरोगी बढी जोखिममा पर्ने गर्दछन्। चिसोले रगत बाक्लो बनाउँछ। जाडोमा शरीर धेरै खुम्चने भएकाले रक्तनली साँघुरो हुन्छ र रक्तप्रवाहमा समस्या आउँछ। चिसोका कारण रक्तप्रवाहमा हुने समस्याले मुटुको रोग बढी निम्त्याउँछ।

चिसोका वेला हाम्रो पेटको आमाशयले पनि त्यति राम्ररी काम गर्न सक्दैन। खाएको खाना अपच हुने, ग्यास्ट्रिकको समस्या देखिने, बान्ता हुने, पातलो दिसा लाग्ने, टाउको रिंगाउने, नाकमा पातलो सिँगान बग्ने आदि हुन जान्छ। अन्य समयभन्दा यो समयमा भाइरलजन्य रोगले आक्रमण गर्ने सम्भावना रहन्छ। चिसोले मस्तिष्कमा पनि असर परिरहेको हुन्छ। अरू वेला सामान्य रूपमा हुन सक्ने हृदयाघात यो वेलामा मस्तिष्कघातमा परिणत हुन सक्ने जोखिमसमेत रहन्छ। शरीर चिलाउने र छालासम्बन्धी समस्या पनि देखिन सक्छन्। जाडोसँगै इन्फ्लुएन्जा, निमोनियाजस्ता रोग पनि देखा पर्छन्। साना बालबालिकामा निमोनिया देखा पर्दा वयस्क र वृद्धवृद्धामा ब्रोङ्काइटिस तथा दम देखा पर्ने गर्छ।

जाडो समयमा चिसोबाट बच्नु निकै महत्वपूर्ण हुन्छ। यस्तो मौसममा हामीले शरीरलाई न्यानो राख्न जरुरी हुन्छ। त्यसका लागि न्यानो दिने कपडा लगाउनुपर्छ। पन्जा, मोजा लगाउनाले पनि हातखुट्टा न्यानो बनाउन महत्वपूर्ण भूमिका खेल्छ। लामो समयसम्म एउटै मोजा लगाउँदा गनाउने हुँदा मोजा फेर्नुपर्छ।

घरमा बाहिरबाट चिसो आउने झ्याल-ढोका बन्द गर्नुपर्छ। तर, घर तातो बनाउने रहरमा सबै झ्याल-ढोका बन्द गरेर बस्दा या सुत्दा उकुसमुकुस भएर मान्छेको ज्यान नै जान सक्छ। यसतर्फ पनि विचार गर्नुपर्छ।

अन्य समयभन्दा चिसोको समयमा घाम कम लाग्ने हुन्छ। दिउँसोको समयमा एकैछिन घाम ताप्दा शरीर न्यानो हुन्छ। घाम लागेको समयमा कोठाहरू खोल्नाले कोठा पनि तातो हुन्छ। चिसो समयमा शरीरलाई सक्रिय राख्नुपर्छ। एकैठाउँमा मात्र बस्नुहुँदैन। एकैछिन हिँड्ने, हातखुट्टा चलाइरहने गर्नाले ऊर्जा आउँछ र शरीर न्यानो हुन्छ। जाडो मौसममा सकेसम्म तातो खानेकुरा खाँदा शरीरलाई फाइदा हुन्छ। स्वस्थकर खानाले शरीरमा ऊर्जा दिन्छ।

### ध्यान दिनुपर्ने कुरा

शरीरका सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाउनुपर्छ। कोठा न्यानो पार्नुपर्छ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था गर्नुपर्छ। बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घरोगीहरू चिसोको समय बाहिर निस्कन हुँदैन।

शिशुलाई नियमित स्तनपान गराउनुपर्छ। तातो तथा पोषिलो झोल पदार्थहरू प्रशस्त मात्रामा सेवन गर्नुपर्छ। धूम्रपान तथा मद्यपान गर्नुहुँदैन। स्वास्थ्यसम्बन्धी कुनै समस्या जस्तै- ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, घ्यारघ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ। सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल-ढोका बन्द गरेर कहिल्यै सुत्नु हुँदैन। त्यसो गरेमा निस्सासिएर मृत्युसमेत हुन सक्छ। आगो बालेको ठाउँमा बच्चालाई एक्लै छोड्नुहुँदैन।

# मेयर बालेन सर्वोच्चमा

काठमाडौं। 'स्थानीय तह निर्वाचनको खर्च विवरण नबुझाएको' भन्दै निर्वाचन आयोगले जनप्रतिनिधिलाई जरिमाना गरेपछि काठमाडौं महनगर प्रमुख बालेन्द्र शाह (बालेन) सर्वोच्च अदालत पुगेका छन्। समयमा खर्च विवरण नबुझाएकोमा महानगर प्रमुख शाहलाई 'जरिमाना तिर्न' भनेपछि आयोगको निर्णयविरुद्ध उनले मंगलबार रिट दायर गरेका छन्।

शाहको रिट सुनुवाइका लागि सर्वोच्चले २० पुसका लागि पेशी तोकेको छ। शाहले 'आफूले कानुनले तोकेको अवधिभित्रै असार १२ गते निर्वाचन आयोगमा खर्च विवरण पेस गरेको' दावी गरेका छन्। निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र निर्वाचन खर्च विवरण पेस गर्नुपर्नेमा ३०औं दिनमा सार्वजनिक बिदा परेकाले त्यसको भोलिपल्ट पेस गरेको शाहको दावी छ।

आयोगको निर्णयअनुसार देशभर स्थानीय निर्वाचनमा भाग लिएकामध्ये १ लाख २३ हजार ६ सय २४ उम्मेदवारले जरिमाना नतिरे ६ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन पाउने छैनन्। शाहले रिट दिएसँगै अब सो मुद्दा विषयमा सर्वोच्च अदालतले आयोगको निर्णयमा व्याख्या गर्नेछ। देशभरका हजारौं जनप्रतिनिधि आयोगको निर्णयबाट पीडित छन्।

धेरैजसो दलित महिला जनप्रतिनिधिले जरिमाना तिर्नुभन्दा 'पद त्याग गर्ने' चेतावनी दिइरहेका छन्। आयोगले साढे ७ लाख रूपैयाँ"सम्म जरिमाना तोकेको छ। आयोगको निर्णय 'पूर्वाग्रही रहेको र एकपटक पनि मौका नदिएकाले रोक्न' अन्तरिम आदेशको माग शाहको रिटमा उल्लेख छ। रिटमा उनले 'आफूले समयमै पेस गरेको तर पनि जरिमाना निर्णय भएकाले निर्णय खारेज हुनुपर्ने' जिकिर गरेका छन्।

गत ३० वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा शाह काठमाडौं महानगरमा लौरो चिह्न लिएर स्वतन्त्र रूपमा विजयी भएका थिए। उनको रिटमा 'कानुनले तोकेको अवधिभित्रै असार १२ गते निर्वाचन आयोगमा खर्च विवरण पेस गरेको' दाबी गरिएको छ। '६ महिनाभित्र जरिमाना नबुझाए ६ वर्षसम्म कुनै निर्वाचनमा भाग लिन नपाउने र निर्वाचित भए पदमुक्त हुने' भनी गरेको निर्णय बदर माग रिटमा गरिएको छ।

# मेसीलाई "गार्ड अफ अनर" सम्मान




विश्व विजेता अर्जेन्टिनाका कप्तान लियोनल मेसीलाई फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) ले गार्ड अफ अनर प्रदान गरेको छ। विश्वकपपछि प्रशिक्षणमा फर्किएका मेसीलाई क्लबले उच्च सम्मान गरेको हो। गार्ड अफ अनर सम्मानलाई खेलकुदमा विशिष्ट सम्मानमा रूपमा लिइन्छ।

घरेलु मैदान सेन्ट जर्मेन औं लेनमा नेइमारसहित सहकर्मी खेलाडीहरूले उभिएर मेसीलाई सम्मान गरेका गरेका थिए भने खेल स्टाफ लुइस कम्पोसले उनलाई गार्ड अफ अनरको ट्रफी हस्तान्तरण गरेका थिए। पीएसजीकै सहकर्मी खेलाडी तथा फ्रेन्च फर्वाड किलियन एम्बाप्पे भने समारोहमा अनुपस्थित थिए। प्रशिक्षणमा फर्किएपछि मेसीले आफूलाई गरेको स्वागतका लागि क्लबलाई धन्यवाद दिए।

'म सबै कर्मचारी, मेरो टोलीका साथीहरूबाट मलाई दिएको सम्मानको लागि सबैलाई धन्यवाद दिन चाहन्छु। म खुसी छु, र आगामी चुनौतिको लागि तयार हुनेछु,' उनले भने।

कीर्तिमानी ७ पटकका बालोन डि'ओर विजेता मेसीको कप्तानीमा अर्जेन्टिनाले हालै कतारमा सम्पन्न विश्वकप फाइनलमा फ्रान्सलाई हराउँदै ३६ वर्षपछि विश्वकप जितेको हो। मेसीले विश्वकपमा उत्कृष्ट खेलाडी हुँदै गोल्डेन बलसमेत जितेका थिए।

# सन् २०२२ : फर्केर हेर्दा विश्व राजनीति



विष्णु भट्टराई

सन् २०२२ विदा भएर नयाँ वर्ष सन् २०२३ प्रारम्भ भएको छ। सन् २०२२ मा विश्वमा धेरै उथलपुथलकारी घटना परिघटनाहरू देखिए। यो वर्ष स्वास्थ्य क्षेत्र भने धेरै चिन्ताजनक देखिएन। यसअघि कोरोनाको विश्वव्यापी महामारीले सिंगै जगतलाई आतंकित बनाएको थियो। सन् २०२२ भने विशेषतः भूराजनीतिक खिचातानीको चपेटामा बितेको पाइयो। खासगरी रुसले युक्रेनमाथि सैन्य आक्रमण गरेपछि विश्वभर त्यस घटनाले अत्यधिक चर्चा पायो। सन् २०२२ को सुरुवाती अर्थात् फेब्रुअरीमै रुसले युक्रेनमाथि धावा बोलेको थियो। अहिले एक वर्ष बितिसक्दा पनि रुस–युक्रेन युद्ध रोकिएको छैन। बरु यसमा सुपरपावर भनिएको संयुक्त राज्य अमेरिका सामेल भएको छ। यसको अलावा नेटोले समेत युक्रेनलाई सघाइरहेको छ। हेर्दा रुस–युक्रेन युद्ध देखिए पनि वास्तवमा रुस अमेरिका लगायत नेटो सम्बद्ध राष्ट्रहरूसँग एक्लै लडिरहेको छ। जितहार जेसुकै भए पनि युक्रेनले नेटोमा आबद्ध हुने तयारी गरेपछि आफ्नो सार्वभौमिकता रक्षाका लागि भन्दै रुसले युक्रेनमाथि बलात आक्रमण गरेको थियो।







पश्चिमा देशको उक्साहटप्रति युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीको अडान र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको दम्भका कारण नौ महिनाभन्दा लामो समयदेखि चलिरहेको युद्धका कारण कम्तीमा ४० हजार युक्रेनीको ज्यान गइसकेको छ। एक करोड ५० लाखदेखि ३ करोड विस्थापित भइसकेको जनाइएको छ। रुसका ६ हजार सैनिकको ज्यान गइसकेको रुसी रक्षामन्त्री सर्गेई सोइगुको भनाइ छ। युक्रेनमा भने हालसम्म एक लाख सैनिक मारिएका वा घाइते भएका अमेरिकी अधिकारीहरूले जनाएका छन्।

आक्रमण सुरु गरेयता रुसले युक्रेनका विभिन्न क्षेत्रहरूमाथि नियन्त्रण कायम गरेको थियो। तर पछिल्लो समय युक्रेनले कतिपय क्षेत्रहरू फिर्ता लिएको छ। जसका कारण रुसी फौजले ऊर्जालगायत पूर्वाधारलाई केन्द्रित गरी आक्रमण थालेको युक्रेनी अधिकारीहरूको दाबी छ। आक्रमण सुरु गरेयता रुसले चारवटा क्षेत्रलाई भने आफूमा गाभिसकेको छ। पाँच दिन लगाएर जनमतसंग्रह गरी उसले रणनीतिक रूपमा महत्त्वपूर्ण क्षेत्र लुहान्स्क, दोनेत्स्क, जापोरिजिया र खेर्सनलाई आफूमा गाभेको हो। युक्रेनमाथि आक्रमण सुरु गरेपछि देश नछाड्ने अभिव्यक्ति दिएका युक्रेनी राष्ट्रपति जेलेन्स्की त्यसयता अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको केन्द्रमा छन्। प्रतिष्ठित म्यागेजिन टाइमले 'दशकौंयता फरक तरिकाबाट विश्वलाई जोडेका' भन्दै जेलेन्स्कीलाई 'सन् २०२२ को वर्ष व्यक्ति' समेत घोषित गरेको छ।

चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को यस वर्ष भएको महाधिवेशनबाट चिनियाँ राष्ट्रपति सी चिनफिङले आफ्नो तेस्रो कार्यकाल निश्चित गरेका छन्। सीले आगामी पाँच वर्षसम्म देशमा शासन गर्नका लागि आफ्नो नयाँ समूह चयन गरेका छन्। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उक्त समूहलाई 'बफादार टिम' को संज्ञा दिएका छन्।

दोस्रो नेताका रूपमा ली चियाङ चयन भएका छन्। पार्टीको ७ सदस्यीय स्थायी महासचिव सीसहित ली चियाङ, चाउ लेजी, वाङ हुनिङ, चाई ची, तिङ सेसाङ र ली सी छन्। यीमध्ये चाउ र राजनीतिक वाङ मात्र दोहोरिएका हुन्। चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को उच्च निकायका रूपमा रहने समूह चीनको राष्ट्रपतीय क्याबिनेट मानिन्छ। दोस्रो स्थानमा रहेका प्रधानमन्त्री ली खछ्याङ भने नयाँ टिममा अटाएका छैनन्। आफ्नो कार्यकाल सकिएपछि स्ट्यान्डिङ कमिटी हेरफेर हुनु सामान्य मानिन्छ। तर ली र अन्य केही नेता चयन नहुनुलाई सीले आफ्नो दृष्टिकोणभन्दा फरक मत नराख्नेहरूबाट घेरिन चाहेका देखिएको छ।

डेढ शताब्दीदेखि समानताका लागि लडिरहेका इरानी महिलाले यो वर्ष आआफ्नो आवाज निकै बुलन्द बनाएका छन्। हिजाब कानुन उल्लंघन गरेको आरोपमा धार्मिक प्रहरीद्वारा पक्राउ परेकी २२ वर्षीया युवती महसा अमिनीको रहस्यमय मृत्यु भएपछि इरानमा महिलाहरूको अगुवाइमा तीन महिनाभन्दा लामो समयदेखि आन्दोलन जारी छ।

तेहरानमा सेप्टेम्बर १८ मा सुरु भएको प्रदर्शन पछिल्ला दिनमा सबैजसो प्रमुख सहरहरूमा फैलिइसकेको छ। ३१ प्रान्तका १६० सहरमा प्रदर्शनहरू फैलिएको जनाइएको छ। प्रदर्शनकारीमाथि सरकारी फौजले गरेको चरम दमनका क्रममा ५ सय जनाभन्दा बढीको मृत्यु भइसकेको छ भने दुई जनालाई मृत्युदण्ड दिइएको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार करिब २० हजार पक्राउ परिसकेका छन्। अमिनीको मृत्युसँगै सुरु भएको प्रदर्शन इरानी महिलाले लामो समयदेखि नरुचाएको हिजाब कानुन र त्यसको कार्यान्वयन गर्ने धार्मिक प्रहरी 'गस्त-इ-इरसाद' को ज्यादती, अपमान र दण्ड सजायका कारण पनि चर्केको हो। त्यसका साथै, इरानी शासक वर्ग, देशको आर्थिक अवस्था र भ्रष्टाचारविरुद्ध पनि चर्कोसँग आवाज उठेको छ। प्रदर्शनकारीले इरानको शासन प्रणालीको केन्द्रमा रहेका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीप्रति लक्षित गर्दै विरोध प्रदर्शन जारी राखेका छन्। खामेनीको उत्तराधिकारीका रूपमा हेरिएका मोज्ताबाविरुद्ध पनि चर्का नाराबाजीहरू गरिएका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। विगतका वर्षमा फाट्टफुट्ट विरोध प्रदर्शनहरू हुने गरेका भए पनि यस पटक आर्थिक संकटले प्रदर्शनकारी थप रुष्ट बनेको देखिएको छ। परमाणु कार्यक्रमको प्रतिक्रियामा अमेरिकाले कठोर प्रतिबन्ध लगाएपछि इरानले अर्थतन्त्रको मुख्य स्रोत तेल बिक्री गर्न पाएको छैन।

अमेरिकी प्रतिनिधिसभाकी सभामुख नान्सी पेलोसीको ताइवान भ्रमणपछि चिसिएको अमेरिका-चीन सम्बन्ध पछिल्लो समय थप चर्केको छ। चीनको बारम्बारको चेतावनीको बेवास्ता गर्दै अमेरिकी सभामुख पेलोसी आफ्नो एसिया भ्रमणका क्रममा अगस्ट पहिलो साता ताइवान उत्रेकी थिइन्।

चिनियाँ विदेशमन्त्री वाङ यीले पेलोसीको भ्रमणले 'एक चीन' नीति उल्लंघन गरेको आरोप लगाउँदै चीनको सार्वभौमसत्तामाथि अमेरिकाले आक्रमण गरेको बताएका थिए। अमेरिकाले ताइवानसँग चीनको एकीकरण प्रक्रिया अवरुद्ध पार्ने, चीनको विकासको बाधक बन्ने, भूराजनीतिक अवस्थालाई तोडमोड गर्ने र सही-गलतबीचमा द्विविधा उत्पन्न गराउने काम गरेको चीनको दाबी छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि सभामुख पेलोसीको ताइवान भ्रमण क्षेत्रीय अस्थिरता बढाउने अमेरिकी रणनीतिको एउटा हिस्सा भएको बताएका छन्। त्यसका साथै, अमेरिकाले पछिल्लो समय चीनबाट आफ्नो देश प्रवेश गर्ने यात्रुलाई रोक लगाउने जनाएपछि चीन थप चिढिएको छ। अमेरिकी अधिकारीहरूले पछिल्लो समय चीनमा कोरोना भाइरसको संक्रमण बढिरहेको र यसबारेको सूचनामा पारदर्शिता नभएका कारण नयाँ नियम ल्याउन बाध्य भएको जनाएका छन्। तर 'पश्चिमा देश र सञ्चारमाध्यमहरूले स्थितिलाई बढी उछालेका र नयाँ नीतिको गलत व्याख्या गरेको' चीनको दाबी छ।





भारत र चीनको सीमा क्षेत्रमा डिसेम्बर दोस्रो साता पुनः झडप भएको छ। भारतको अरुणाचल प्रदेशस्थित सीमा क्षेत्र तवाङमा भएको झडपमा केही भारतीय सैनिक घाइते भएको घटना सार्वजनिक भएसँगै भारतीय राजनीतिसमेत तातेको थियो। झडपका विषयमा संसद्मा छलफल हुनुपर्ने भारतका विपक्षी दलहरूको माग सरकारले अस्वीकार गरेपछि केही समय भारतीय राजनीति गरम बनेको थियो।

पछिल्लो घटनापछि भारतले चीनसँगको विवादित सीमा क्षेत्रमा सैनिकको संख्या बढाएर हालसम्मकै धेरै पुर्‍याइएको जनाएको छ। 'हामीले चीनसँगको सीमा क्षेत्रमा अभूतपूर्व संख्यामा भारतीय सैनिकहरू परिचालित गरेका छौं,' भारतीय विदेशमन्त्री एस जयशंकरले भनेका छन्। चिनियाँ पक्षबाट हुनसक्ने उग्र कदमको प्रतिवाद गर्न सैनिक संख्या बढाएको उनको दाबी छ।

विश्व अर्थतन्त्रमा उदाउँदै दुई शक्तिराष्ट्र चीन र भारतबीच ३ हजार ५ सय किलोमिटर सीमा जोडिएको छ। सीमा विवादलाई लिएर दुई देशबीच पटक-पटक सैन्य स्तरमा झडपसमेत हुने गरेको छ। सन् २०२० जुन महिनामा पूर्वी लद्दाखको गलवान उपत्यकामा झडप भएको थियो। उक्त झडपमा २० भारतीय र केही चिनियाँ सैनिकको मृत्यु भएको थियो। त्यसअघि भुटान र चीनबीच सीमा विवाद रहेको दोक्लाममा पनि भारतीय र चिनियाँ सैनिकबीच आमने-सामने भएका थिए। भारत र चीनबीच लामो समयदेखि सीमा विवाद जारी छ। सन् १९६२ मा सीमा विवादका कारण दुई देशबीच युद्ध नै भएको थियो।

लामो समयको राजनीतिक रस्साकसीपछि गत अक्टोबरमा ऋषि सुनक बेलायतको प्रधानमन्त्री निर्वाचित भए। विभिन्न विवादमा परेपछि बोरिस जोन्सनले राजीनामा दिएपछि लिज ट्रस प्रधानमन्त्री बनेकी थिइन्।

त्यतिबेला ट्रसले सुनकलाई पराजित गरेकी थिइन्। तर प्रधानमन्त्री भएको ४५ दिनमै ट्रसले पनि राजीनामा दिएपछि कन्जरभेटिभ दलको नयाँ नेता छान्नका लागि तोकिएको समयमा भने सुनकको मात्र उम्मेदवारी परेपछि उनी प्रधानमन्त्री बनेका हुन्। बेलायतका पूर्वअर्थमन्त्री ४२ वर्षीय सुनक भारतीय मूलका बेलायती हुन्। अर्थतन्त्रलाई गति दिन भनेर ल्याएको कार्यक्रमले संकट उत्पन्न गराएपछि ती निर्णयहरू फिर्ता लिँदै ट्रसले राजीनाको घोषणा गरेकी थिइन्। सुनकसामु आयव्ययबीच सन्तुलन मिलाई अर्थतन्त्र सुदृढ पार्ने र पछिल्लो समय राजनीतिक रूपमा विभाजित कन्जरभेटिभ दललाई एकीकृत बनाउने मुख्य चुनौती छन्।

अमेरिकामा यस वर्ष भएको संसदीय चुनावमा अप्रत्याशित नतिजा आएको छ। खासगरी सत्तारूढ दलले माथिल्लो सदन सिनेटमा ल्याएको बहुमत आकलन गरिएको भन्दा भिन्न हो।







सिनेटमा बहुमत ल्याएसँगै अमेरिकी राष्ट्रपति जो बाइडेनलाई राहत मिलेको छ। राष्ट्रपतिको सिफारिसका आधारमा सिनेटमा बहुमत हुने दलले सर्वोच्च अदालतसहित संघीय अदालतहरूमा भने नियुक्ति गर्ने सक्ने व्यवस्था छ। देशको अर्थतन्त्रमा आएका समस्या र चार दशकयताकै ठूलो मूल्यवृद्धिका कारण पछिल्लो समय अलोकप्रिय बन्दै गएका बाइडेनका कारण डेमोक्रेटिक दलले निकै ठूलो हार व्यहोर्ने चुनावी सर्वेक्षणहरूले देखाएका थिए। एक सय सदस्यीय सिनेटमा नियन्त्रण कायम गरेको डेमोक्रेटिक दलले तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्स (प्रतिनिधिसभा) मा पनि उल्लेखनीय प्रदर्शन गरेको छ। प्रतिनिधिसभाका ४ सय ३५ सदस्यीय सदनमा रिपब्लिकन दलले २ सय २२ सिट जितेको हो। अनपेक्षित चुनावी परिणामका जिम्मेवार ठानिएपछि पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई पुनः राष्ट्रपतिका लागि प्रतिस्पर्धा गर्नका लागि असहज देखिएको छ।

सोभियत संघलाई बाहिरी दुनियाँसँग खुला गरेका मिखाइल गोर्बाचेभलाई विश्वले यसै वर्ष ९१ वर्षको उमेरमा गुमायो। सन् १९८५ मा ग्लासनोस्त (खुलापन) र पेरेस्त्रोइका (पुनःसंरचना) नीति अख्तियार गरेका कारण उनी शीतयुद्धकालीन महाशक्ति सोभियत संघको अन्तिम राष्ट्रपति बनेका थिए। साम्यवादमा सुधार आवश्यक रहेको बताएपछि रुसबाहिर उनी निकै सम्मानित भए पनि देशभित्र भने उनलाई 'गद्दार' र अमेरिकी दलाल' का रूपमा चित्रण गरियो। पश्चिमा जगत्मा उनलाई 'सुधारका प्रणेता' का रूपमा हेर्ने गरिन्छ। पूर्व-पश्चिम सम्बन्धमा ठूलो परिवर्तन ल्याउन भूमिका निर्वाह गरेको जनाउँदै सन् १९९० मा गोर्बाचेभलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

दोस्रो विश्वयुद्धपछि जापानमा सबैभन्दा लामो समय सरकारको नेतृत्व गर्ने नेता सिन्जो आबेको यसै वर्ष अप्रत्याशित निधन भयो। लिबरल डेमोक्र्याटिक पार्टीका लागि मत माग्ने क्रममा नारा सहरको चुनावी सभालाई सम्बोधन गरिरहेका आबेमाथि एक व्यक्तिले घरैमा बनाएको बन्दुकबाट गोली हानेका थिए।

आक्रमणलगत्तै अस्पताल पुर्‍याइएका उनको उपचारका क्रममा निधन भएको हो। सन् १९५४ मा जन्मिएका आबे सन् २०१२ मा सरकारको नेतृत्वमा पुगे र २०१४ र २०१७ मा पुनः प्रधानमन्त्री चुनिए। आबेले चाल्ने अर्थनीति पनि उनलाई सधैंभर सम्झिने महत्त्वपूर्ण आधार रहेको सञ्चारमाध्यमहरूको विश्लेषण छ। उनको अर्थनीतिलाई 'आबेनामिक्स' का रूपमै विश्लेषण हुने गरेको छ।

सन् २०२१ को अगस्टमा अफगानिस्तानको सत्ताकब्जा गरेको तालिवान शासक झन् अनुदार बन्दै गएको छ। खासगरी महिला अधिकार निषेध गर्ने र प्रेस स्वतन्त्रता खुम्चाउने काममा तालिवान शासक अगाडि देखिएका छन्।

सत्तामा आएलगत्तै छात्राहरूलाई माध्यमिक तह अध्ययनमा रोक लगाएको तालिवानले हालै एक निर्णय सार्वजनिक गर्दै विश्वविद्यालयमा महिलाहरूलाई प्रवेशमा रोक लगाएको छ। गतवर्ष सत्ताकब्जा गरेसँगै तालिवानले महिला शिक्षाका लागि आफूहरू उदार रहने प्रतिबद्धता जनाएको थियो। तर त्यसविपरीत महिला अधिकारमाथि निरन्तर आक्रमण गर्दै आएको छ।







तालिवानले सरकारको नेतृत्व गरेयता शिक्षण संस्था, कार्यालय, पार्क, जिमखानालगायत थुप्रै सार्वजनिक स्थलमा महिलाको उपस्थितिमा बन्देज लगाइसकेको छ। त्यस्तै, सत्तामा आएपछि तालिवानले आफूहरू 'स्वतन्त्र प्रेस' को पक्षमा रहेको बताए पनि प्रेस स्वतन्त्रता खुम्चाउने कदम चालेका छन्।

बेलायतमा सात दशकभन्दा लामो समय शासन गरेकी महारानी एलिजाबेथ द्वितीया ९६ वर्षको उमेरमा यसै वर्ष अस्ताइन्। सन् १९२६ अप्रिल २१ मा लन्डनको माइफेरमा जन्मिएकी एलिजाबेथ बेलायतमा सबैभन्दा बढी समय र विश्वमा फ्रान्सका लुई १४ औं पछि लामो समय शासन गर्ने राष्ट्राध्यक्ष हुन्।

राजकुमारी रहँदा राजपरिवारमा दोस्रो मर्यादा क्रममा रहेकी एलिजाबेथ महारानी बन्ने सम्भावना निकै कम थियो। तर सन् १९३६ डिसेम्बरमा राजा एडवर्ड तेस्रोले अमेरिकी महिलासँग विवाह गर्न सिंहासन त्याग्ने निर्णय लिएपछि १० वर्षकी उनलाई दरबारको उत्तराधिकारी बन्ने बाटो खुलेको थियो। उनको मृत्युपछि जेठा छोरा चार्ल्स तृतीय बेलायतका राजा बनेका छन्।

पाकिस्तानमा जुनदेखि सुरु भएको बाढीपहिरोका कारण यस वर्ष एक हजार ५ सय जनाभन्दा बढीले ज्यान गुमाएका छन्। बाढीका कारण दसौं हजार विस्थापित भएका थिए। सिन्ध, बलुचिस्तान, गिलगिट, बाल्टिस्तान, खैबर पख्तुनख्वा र पञ्जाब प्रान्त बाढीका कारण बढी प्रभावित भएका हुन्।

बाढीको विनाशका कारण १२ अर्ब डलरभन्दा बढीको आर्थिक क्षति भएको प्रारम्भिक अनुमान छ। अस्वाभाविक बाढीका लागि जलवायु परिवर्तन मुख्य कारक रहेको विज्ञहरूको भनाइ छ। पाकिस्तानमा सन् २०१० को बाढीपहिरोका कारण २ हजार जनाभन्दा बढीको मृत्यु भएको थियो। त्यतिबेला २० प्रतिशतभन्दा बढी पाकिस्तानी भूभाग जलमग्न भएको थियो।

फ्रान्सलाई टाइब्रेकरमा हराउँदै यसपटकको फुटबल विश्वकप अर्जेन्टिनाले हात पारेको छ। खाडी देश कतारमा आयोजित खेलको फाइनल खेल ३-३ को बराबरीमा टुंगिएपछि भएको टाइब्रेकरमा अर्जेन्टिना फ्रान्सलाई ४-२ ले हराएर विश्व च्याम्पियन भएको हो। ३६ वर्षपछि विश्वकप हात पार्ने क्रममा अर्जेन्टिनी स्टार लियोनल मेसीले पनि पाँचौं प्रयासमा विश्वकप जित्ने सपना पूरा गरेका छन्।

अर्जेन्टिना तेस्रोपल्ट विश्वविजेता बनेको हो। यसअघि सन् १९७८ र १९८६ मा अर्जेन्टिना विश्वविजेता भएको थियो। २३ वर्षे केलियन एमबाप्पे विश्वकपको ९२ वर्ष लामो इतिहासमा फाइनलमा ह्याट्रिक गर्ने दोस्रो खेलाडी बने। यसपालि कुल ८ गोलसहित उनले गोल्डेन बुट अवार्ड जिते। सात गोल र तीन असिस्ट गरेका मेसीले उत्कृष्ट खेलाडीको अवार्ड 'गोल्डेन बल' हात पारे।

ब्राजिलका विश्वविख्यात खेलाडी पेलेको निधन

पेलेसँग विश्व फुटबलका धेरै अद्वितीय कीर्तिमान पनि जोडिन्छ, जस्तो कि उनले विश्व कीर्तिमान १ हजार २ सय ८१ गोल गरे, १ हजार ३ सय ६३ खेल खेलेर। उनले किशोर खेलाडीका रूपमा ब्राजिली क्लब सान्तोसबाट खेल जीवन सुरु गरे र न्युयोर्क कसमासमा पुगेर त्यसलाई पूर्णविराम लगाए। उनले जहाँ, जति खेल खेले; त्यहाँ सबैको मनमा रहन सफल रहे। सानोमा साओपाओलोको बारु एफसीबाट खेल्न सुरु गरेका पेले लगत्तै सान्तोससँग आबद्ध भएका थिए।









जम्माजम्मी १५ वर्षको उमेरमै उनले सिनियर टिमबाट डेब्यु गरिसकेका थिए। सिनियर टिमबाट उनले डेब्यु गरेको दिन थियो, सन् १९५६ सेप्टेम्बर ७। त्यो कोरिनथिएन्सविरुद्धको खेल थियो। उक्त खेलमा उनले एक गोल पनि गरे। त्यसपछि उनले कहिले पनि पछाडि फर्केर हेर्नु परेन। सन् १९५७ को जुलाई ९ मा उनले ब्राजिलका लागि डेब्यु गरेका थिए, त्यो पनि अर्जेन्टिनाविरुद्ध, अझ त्यो पनि प्रसिद्ध माराकाना स्टेडियममा। त्यति बेला उनी जम्मा १६ वर्षका थिए।


पेलेको प्रसिद्धि भने सन् १९५८ को विश्वकपबाट सुरु भएको हो। स्विडेनमा भएको त्यस विश्वकपमा ब्राजिल च्याम्पियन रह्यो। फाइनलमा ब्राजिलले स्विडेनलाई ५-२ ले हराएको थियो। भर्खर १७ वर्षका किशोर खेलाडी पेलेले त्यस फाइनलमा दुई गोल गरे। ब्राजिलले सन् १९६२ मा विश्वकप जित्दा पनि पेले प्रमुख खेलाडी थिए। उनको वास्तविक ख्याति भने सन् १९७० को विश्वकपबाट प्राप्त भएको थियो। मेक्सिकोमा भएको त्यस विश्वकपमा ब्राजिल फेरि एकपल्ट च्याम्पियन भयो।

फाइनलमा ब्राजिलले इटालीलाई हराएको थियो। त्यसमा पनि पेलेले सुरुमै गोलको खाता खोलेका थिए। यही विश्वकपबाट हो, विश्व फुटबलमा १० नम्बर जर्सीको महत्त्व र ख्याति बढेको। सन् १९७० को त्यो विश्वकप विजयी ब्राजिली टोलीलाई अहिलेसम्मकै सबैभन्दा महान् टिम पनि मानिन्छ। पेलेले जसरी फुटबल खेले, त्यसले यो खेलको परिभाषालाई नै परिवर्तन गरेको मानिन्छ। त्यसैले भनिन्छ, विश्व फुटबलमा पेलेजत्तिको खेलाडी न त थियो, न छ, न रहनेछ।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## भिन्न शैलीको काम



एक युवक टाउको निहुराएर समयमै आफ्नो काममा पुग्न हतार-हतार हिँडिरहेका थिए । जाँदै गर्दा बाटोमा उनले एकजना मजदुरले रङ पोतिरहेको देखेर टक्क रोकिए ।

मजदुरले रङ पोत्ने क्रममा समय र सामान दुवै फारो गर्न सकिरहेका थिएनन् । त्यसरी काम गर्दा एकातिर बढी समय लाग्थ्यो भने अर्कातिर सामान पनि बढी लागिरहेको थियो । त्यो सबै हेरिरहेका युवक मजदुरनजिकै गए र नम्र स्वरमा भने, 'साथी, अहिले तपाईंले लगाइरहेको भन्दा थोरै समय र कम सामानले योभन्दा राम्रो काम हुन सक्छ । तपाईं त्यो सीप सिक्न चाहनुहुन्छ ?'

युवकको प्रश्न सुनेर मजदुर छक्क परे । उनले जवाफ दिन सकेनन् । उनको छेवैमा उनका मालिक पनि उभिइरहेका थिए । युवकको प्रस्ताव सुनेपछि तिनले भने, 'भाइ, तिमीसित यस्तो कुनै सीप छ भने हामीलाई पनि सिकाऊ न त ।'

मालिकको अनुरोध सुनेपछि ती युवकले मजदुरले लगाउने एप्रोन लगाएर रङ पोत्ने सामान लिएर काममा जुटे । साँझ हुनुअगावै उनले आफ्नो कुरा सिद्ध गरेर देखाइदिए । त्यहाँबाट बिदा भएर जाने वेलामा मालिकले ती युवकलाई उनको पारिश्रमिक र विशेष इनामसमेत दिए । तर, उनले त्यो पैसा मजदुरलाई दिए र भने, 'काम त उहाँकै हो, मैले त यसमा सहयोग मात्र गरेको हुँ ।

मैले यो पैसा लिएँ भने उहाँको पारिश्रमिक खोसिनेछ, जुन पटक्कै राम्रो होइन ।' यसरी कम समयमा कम सामान प्रयोग गरेर काम गरेर देखाइदिने ती युवकको नाम थियो– कार्ल मार्क्स । जसले पछि साम्यवादको नयाँ सिद्धान्त प्रतिपादन गरी संसारमा नयाँ विचारधाराको बिउ रोपे ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

छोटो समयमा फाइदा उठाउन सकिनेछ । अध्ययन, लेखन तथा मनोरञ्जनमा समय बित्नेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । रमाइला क्रियाकलापमा सहभागी बन्ने अवसर जुट्नुका साथै मान-सम्मान प्राप्त हुने समय छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ । समस्या पन्छाएर पनि उपलब्धि हात पार्न सकिनेछ ।

### वृष

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । साथीभाइको सहयोगले काममा हौसला जाग्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । मिहिनेतले मानसम्मान दिलाउनेछ । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । पहिलेका कमजोरी सच्याउने अवसर पनि प्राप्त हुनेछ ।

### मिथुन

छिमेकमा असमझदारी बढ्ने हुँदा होसियारीसाथ काम लिनुहोला । आफ्नो धनमालमा अरूले दाबी गर्न सक्छन् । समयमा काम साँच्नाले व्यवहारमा पछि परिनेछ । लगानीअनुसार फाइदा कम हुनेछ । नहुने काममा बलजफ्ती गर्दा थप नोक्सान हुनेछ । उधारोमा व्यापार गर्नुपर्ने हुन सक्छ । कर्जाले थप ब्याज बढाउनेछ भने तत्काल लगानीको उचित प्रतिफल प्रनप्त नहुन सक्छ ।

### कर्कट

कर्कट मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम सम्पादन गर्दै मनग्य धन आर्जन गर्न पनि सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ ।

### सिंह

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । सामाजिक कार्य गर्न सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम सम्पादन हुनेछ ।

### कन्या

मेहनत गर्दा भाग्योन्नतिको समय छ । समुदायको हितमा केही राम्रै काम गर्न सकिनेछ । धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । सामाजिक उत्तरदायित्व हातपार्न सकिनेछ । रोकिएको कामले पनि निकास पाउनेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । शक्तिको धाक देखाउनेहरू स्वत: निहुरिनेछन् । तारिफयोग्य काम गर्दै पदीय जिम्मेवारी प्राप्त गर्न सकिनेछ ।

### तुला

स्वास्थ्य प्रतिकूल रहने सम्भावना छ, आहारविहारमा ध्यान पुर्‍याउनुहोला । सानातिना काममै अलमलिनाले ठूलो उपलब्धि नहुन सक्छ । लोकाचारका पछि लाग्दा अवसर गुम्न सक्छ । अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । अवसरका लागि केही त्याग गर्नुपर्ला । पहिलेका कमजोरीमा क्रमशः सुधार आउनेछ ।

### वृश्चिक

हडबडले काम बिग्रनेछ भने धैर्य एवं मेहनतले मनग्य आम्दानी दिलाउनेछ । साथीभाइको सहयोग र उपहारसमेत पाइनेछ । अतिथिका रूपमा सम्मान प्राप्त हुने सम्भावना छ । मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन पनि कसिने सम्भावना छ । सुखदुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । वादविवादबाट जोगिने प्रयत्न गर्नुहोला ।

### धनु

शत्रुहरू स्वत: किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै पेसा-व्यवसायमा स्थापित बन्न सकिनेछ । मिहिनेतले प्रशस्त फाइदा दिलाउनेछ । द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । व्यापारलगायत दिगो आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ ।

### मकर

श्रम परे पनि सुखद् समाचारले उत्साह जगाउनेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ ।

### कुम्भ

आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ । पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरपर्दा काम बिग्रन सक्छ । मान्यजनको सहयोगले तत्कालको अन्योल भने टर्न सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ ।

### मीन

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ । लगानी गर्दा व्यवसायमा मनग्य धनलाभ हुनेछ । आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । पहिलेका प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । लामो यात्राको समय नजिकिँदै छ । मनमा खुसी र उत्साह बढेको छ ।

## मेलम्चीको पानी व्यवस्थापनमा समस्या

काठमाडौं । २३ मंसिरपछि काठमाडौंको अनामनगर, सिनामंगलसहितका क्षेत्रमा मेलम्चीको पानी प्रशस्त छ । यी क्षेत्रमा दैनिक तालिकाअनुसार पानी आएपछि स्थानीयबासी खुसी छन् ।

कोटेश्वर महादेवस्थानका बासिन्दा पानी नपाएर आकुलब्याकुल छन् । पटक-पटक काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) मा ध्यानाकर्षण जनाउँदा पनि धारामा पानी नझरेपछि स्थानीयको समूहले सोमबार मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय (पीआईडी) मा पुगेर ज्ञापनपत्र बुझाएको छ ।

अन्य क्षेत्रमा मेलम्चीको नयाँ लाइनबाट आएको पानी बढी भएर खेर गइरहँदा आफूहरू खानपानीबाटै वञ्चित भइरहनु परेपछि उनीहरूले पीआईडीमा नै तुरुन्तै समस्याको समाधान नभए आन्दोलन गर्ने चेतावनी दिएर फर्किएका छन् । यस्तो समस्या कोटेश्वर क्षेत्रको मात्रै हैन, रिंगरोडभित्र र बाहिरका थुप्रै ठाउँमा अहिले पनि मेलम्चीको पाइप पुगेर पनि पानी पुगिरहेको छैन ।

काठमाडौंको क्षेत्रीपाटी क्षेत्रमा पनि यही समस्या छ । त्यहाँको केही क्षेत्रमा पानीको छेलोखेलो छ, तर सयभन्दा बढी घरमा पानी नै पुग्दैन । यही समस्या लिएर मंगलबार क्षेत्रपाटीका स्थानीय केयूकेएलमा नै पुगे । केयूकेएलका निमित्त कार्यकारी प्रमुख ज्ञानेन्द्र कार्की यस्तो समस्या चक्रपथभित्र नै धेरै ठाउँमा देखिएको स्वीकार्छन् ।

मेलम्ची खानेपानी आयोजनाको निर्माण सुरु भएकौ बेलादेखि नयाँ वितरण सञ्जाल बनाउने काम सुरु भएको थियो । तर, गतिका साथ काम नहुँदा यो परियोजनाले अझै विश्राम पाएको छैन । तयार भइसकेको वितरणलाइन पनि



सरकारले केयूकेएलको स्वामित्वमा रहने गरी हस्तान्तरण गरेको छैन ।

अझ उपत्यकाको ठूलो क्षेत्रमा त मेलम्चीको पानी बाँड्ने गरी नयाँ वितरणलाइन नै तयार भएको छैन । त्यसैकारण विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरू मेलम्चीको पानी खुवाउने प्रबन्ध गर्न माग गर्दै पीआईडीको कार्यालयमा आइपुग्ने गरेका छन् ।

दैनिक १७ करोड लिटर पानी मेलम्चीबाट काठमाडौं झरिरहेको छ । त्यसबोहक केयूकेएलले करिब १० करोड लिटरभन्दा बढी पानी पुराना विभिन्न स्रोतबाट वितरण गरिरहेको छ । दैनिक झण्डै ३० करोड लिटर पानी वितरण गर्न सक्ने क्षमता हुँदा पनि किन यस्तो अवस्था आयो त ?

आयोजना कार्यान्वयन निर्देशनालयका प्रमुख राजेन्द्र सापकोटा पुरानो खानेपानी वितरण लाइन (प्रणाली) को विस्थापन गर्न ढिलाइ हुँदा यस्तो अवस्था आएको बताउँछन् । उनका अनुसार काठमाडौंको रिंगरोडभित्र एक हजार १० किलोमिटर खानेपानीको नयाँ वितरण लाइन बिछ्याइएको छ । त्यसमध्ये अहिलेसम्म करिब ५५० किलोमिटर मात्रै लाइनमा पानी पठाएर परीक्षण गरिसकिएको छ । यसरी परीक्षण गर्दा समस्या नआए वा आएका समस्या मात्रै हल गरेपछि मात्रै नयाँ लाइनबाट पानी वितरण गर्न सकिन्छ ।

अहिले परीक्षण सकिएका क्षेत्रमा मात्रै नयाँ लाइनबाट मेलम्चीको पानी पठाइँदैछ । केयूकेएलले पुराना लाइनको उपयोग पनि गरिरहेको छ, तर त्यसमा पानी चुहावटको चरम समस्या छ ।

अझै पानी नआउने समस्या चक्रपथबाहिरका क्षेत्रमा विकराल छ । केयूकेएलले काठमाडौंको चक्रपथ बाहिर पानी वितरण गर्ने सञ्जाल विस्तार गर्न योजना मात्रै बनाएको छ । त्यसका लागि आर्थिक स्रोत जुटेको छैन । सरकारले बजेट भाषणबाट चक्रपथबाहरिका क्षत्रेमा पानि पानी वितरण नयाँ सञ्जाल बनाउने घोषणा गरेको छ । तर, त्यसका लागि करिब १ अर्ब १५ करोड रुपैयाँ मात्रै बजेट व्यवस्था गरेको छ, जुन आवश्यकताको आधारमा निकै झिनो परिणाम हो ।

## लुम्बिनी चिनी कारखानामा स्थानीयको तालाबन्दी

परासी – पश्चिम नवलपरासीको लुम्बिनी चिनी मिल सुनवलमा स्थानीयले तालाबन्दी गरेका छन् । उद्योगको प्रदूषण नियन्त्रणमा उद्योग प्रशासनले चासो नदिएको भन्दै उद्योग वरपरका स्थानीयले उद्योगको मूल गेटमा ताला लगाएपछि उद्योग बन्द भएको हो ।

पुरानो प्रविधिको उद्योग भएको र उखु क्रसिङ गर्दा खरानीसहितको कालो धुलोका कारण स्थानीयले सास्ती खेप्दै आएका छन् । स्थानीयहरूले पटक-पटक उद्योगलाई प्रदूषण नियन्त्रण गर्न ध्यानाकर्षण गराए पनि उद्योगले अटेर गरेका कारण बाध्य भएर तालाबन्दी गर्नुपरेको स्थानीय दीपक खनालले बताए ।

उद्योग सञ्चालनका क्रममा इन्धनको रुपमा प्रयोग गरिने भुसबाट कालो धूलोका कणहरू सुनवल क्षेत्रमा फैलिने गरेको छ । समस्या समाधान नभएसम्म उद्योग नचलाउन स्थानीयले चेतावनी उद्योग प्रशासनलाई चेतावनी दिएका छन् । उद्योगका व्यवस्थापक कुश सुवेदीले प्रदूषण नियन्त्रणको प्रयास भइरहेको र केही दिनभित्रमा नै नयाँ उपकरण जडान गरिने बताए । वर्षौंदेखि स्थानीयले प्रदूषण न्यूनीकरणका लागि आग्रह गर्दा पनि उद्योग प्रशासनले विभिन्न बाहना बनाउँदै आएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Wry = घुमाउरो र हास्य पाराले भनेको His poems are very famous because they are wry घुमाउरो किसिमबाट हँसाउने भएको हुँदा उसका कविताहरू ज्यादै लोकप्रिय छन् ।

Anachronism = समयको भूल It is anachronism to say that Prithivi Narayan Shah had listened radio पृथ्वीनारायण शाहले रेडियो सुनेका थिए भन्नु समयको भूल हो (किनकी उनको बेलामा रेडियो आइपुगेकै थिएन) ।

Bugaboo आधारहीन आतंक If we scare of such bugaboo, we will not be able to combat terrorism यस्तो आधारहीन आतंकबाट डराउने हो भने हामीले आतंकवादसँग लड्न सक्दैनौं ।

Compliant = खुरुक्क मान्ने The government gave into the demands of the opposition as compliant सरकारले प्रतिपक्षको मागलाई दायाँ बायाँ नगरी खुरुक्क मान्यो ।

Disabuse = नकारात्मक सोचाइ सुधार्नु He will try to disabuse his girl friend of her false assumption उसले आफ्नी केटी साथीले पालेको भ्रम सुधार्न कोसिस गर्ने छ ।

Eulogy = प्रशंसाको अभिव्यक्ति His latest film brought eulogies even from his critics उसको पछिल्लो सिनेमाले उसैका आलोचकहरूबाट समेत प्रशंसा बटुल्न सफल भयो ।

Fusillade = तोप वा गोलीको वर्षा The assumption of office of new commander was welcomed by fussilade नयाँ कमाण्डरको पद बहालीको खुसियालीमा लगातार तोप पड्काइयो ।

Grouse = असन्तुष्टि प्रकट गर्नु Students always grouse about the quality of food at hostel होस्टलको खानालाई लिएर विद्यार्थीहरू सधैं असन्तुष्टि प्रकट गर्दछन् ।

Hubris = घमण्डी बानी वा स्वभाव Filled with hubris he did not heed my suggestion घमण्डी स्वभाव भएको हुँदा उसले मेरो सल्लाहप्रति कुनै ध्यान दिएन ।

Inchoate = प्रारम्भिक अवस्थाको, अव्यवस्थित Before the construction took place, the site seemed like inchoate mass निर्माण सुरु गर्नुअघि निर्माण स्थल ज्यादै अव्यवस्थित देखिन्थ्यो ।

## Cast बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cast something = फेर्नु The snakes cast their skins सर्पहरूले काँचुली फेर्छन् ।

Cast something at = लगाउनु He has a bad habit to casts glances at girls केटीहरूतिर आँखा लगाउने उसको नराम्रो बानी छ ।

Cast something on = पार्नु As these trees cast shadow on the grass, they do not thrive यी रुखहरूले घाँसमा छायाँ पार्ने कारण घाँसहरू मौलाउँदैनन् ।

Cast something on = पार्नु Her silence casts doubt on the reliability of a witness उनको मौनताले साक्षीको रुपमा उनीमाथिको विश्वासलाई शंकाको घेरामा पारिदियो ।

Cast something over = अँध्यारो पार्नु That tragedy cast a shadow over her life त्यो दुःखद घटनाले उनको जीवनलाई अँध्यारो पारिदियो ।

Cast in something = ढाल्नु This statue is cast in bronze यो ढलोतमा ढालिएको मूर्ति हो ।

Cast something = प्रदर्शन गर्नु We are casting this historical play next week यो नाटक हामी अर्को हप्तातिर प्रदर्शन गर्छौं ।

Cast as somebody = भूमिका निर्वाह गर्नु In this movies he has cast as villian यो सिनेमामा उसले शत्रुको भूमिका निर्वाह गरेको छ ।

Cast something on somebody = लगाउनु How dare you cast aspersions on my wife's character ? मेरी श्रीमतीको चरित्रमाथि दाग लगाउने साहस तिमी कसरी गर्दैछौ ?

Carry something upon = गर्नु He is a real human and cast one's bread upon the waters ऊ सच्चा मानव हो र निस्वार्थ सेवा गर्छ ।

Cast something over = हेर्नु Would you like to cast an eye over this calculation ? यो हिसाब ठीक छ कि छैन यस्सो हेरिदिन्छौ कि ?

## सुडोकु–अंक २८५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७ | | | | | |
| | ९ | | | ४ | | | ५ | |
| | | ८ | | | ९ | १ | | |
| | | ३ | | २ | | | | ७ |
| | ७ | | ३ | ९ | १ | | ८ | |
| २ | | | | ८ | | ९ | | |
| | | १ | २ | | | ६ | | |
| | ६ | | | ५ | | | ७ | |
| | | | | | ३ | | | |

## अंक २८४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ८ | ६ | २ | ३ | ७ | ४ | ५ |
| ३ | ४ | ६ | ९ | ५ | ७ | १ | २ | ८ |
| ५ | २ | ७ | ८ | ४ | १ | ३ | ९ | ६ |
| २ | ३ | ५ | ७ | ९ | ८ | ६ | १ | ४ |
| ७ | ८ | ९ | १ | ६ | ४ | २ | ५ | ३ |
| १ | ६ | ४ | २ | ३ | ५ | ८ | ७ | ९ |
| ८ | ९ | ३ | ४ | १ | २ | ५ | ६ | ७ |
| ६ | ५ | २ | ३ | ७ | ९ | ४ | ८ | १ |
| ४ | ७ | १ | ५ | ८ | ६ | ९ | ३ | २ |


## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- हिंसारहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# Respected Comrade Kim Jong Un Makes Reply Speech at Ceremony of Donating 600mm Super-large Multiple Launch Rocket System



The respected Comrade Kim Jong Un made a reply speech at the ceremony of donating 600mm super-large multiple launch rocket system on December 31, Juche 111 (2022).

The full text of the reply speech is as follows:

Comrades attending this event as representatives of the working class in the munitions industry,

Other dear comrades,

We have reviewed our struggle in the arduous year of 2022 and risen up for a fresh struggle in the coming new year. At this moment standing in fine array in the yard of the headquarters of the Central Committee of the Workers' Party of Korea for the first time after the founding of this state and our Party are the core means of strike, which our working class in the munitions industry have built through a struggle for increased production of loyalty and which would form the backbone of our armed forces.

They are, indeed, a precious and encouraging donation.

They are powerful in that they will give a fresh strength and courage to the whole country as it greets a new year, will further amplify the historic significance of the plenary meeting of our Party, and will strike another terror and shock into the enemy.

All the working class in the munitions industry and their representatives,

The working class, scientists and officials in the defence industry, with indefatigable and limitless energy and sense of mission, fully displayed the infinite revolutionary zeal and mettle and the thoroughgoing and perfect pattern of creation, which are the original features and a symbol of the working class in the munitions industry. They thus have made an outstanding contribution to the advance and development of our revolution till the last day of the arduous year of 2022. On behalf of the Central Committee of the Party and the government of the Republic and along with the hearts of all the Party members and other people and soldiers of the People's Army across the country, I extend warm thanks to them.

Indeed, I always cannot but feel solemn and respectful to think about the unparalleled patriotism, faithfulness and creativity of our working class in the munitions industry and their heroic struggle for increased production, and extend warm thanks and thanks and make a deep bow to them.

Comrades, have a look at them.

I really feel invigorated.

I feel unwittingly invigorated to see them. I think this is not merely because I am aware of their value and might but because they are permeated with the patriotism and loyalty of our working class who devote their all to our revolution in the severe struggle and in the face of trials and because I am proud that we have made the unique Juche-type weapons by our own wisdom and efforts.

Having accepted as the demand of the revolution and people, and of their lives, the determination and plan of the Party Central Committee to raise the supremacy of our armed forces on to the highest level without any hesitation and without any letup, the working class in the munitions industry rose up as one with a resolve to build a larger number of 600mm multiple launch rocket system units to be supplied to the People's Army, and launched a campaign of loyalty in late October.

As was the same case when this kind of weapon, which the world had never imagined, was born three years ago, our working class in the munitions industry, this time, too, performed miraculous feats day after day by displaying a super-powerful spirit.

I have heard that the relevant complex, while stepping up the production for attaining the crucial targets in bringing about a revolution in the defence industry which had been set forth at the Eighth Party Congress, assembled one, even two, gigantic units in addition every two days, in the course of which it created a surprising production record.

As it had done in the past, this factory, in the recent struggle for increased production, too, fully demonstrated its tradition and trait of always supporting the Party and promoting the country's prosperity with loyalty and practice, thereby giving birth to these proud crystallizations of patriotism and loyalty.

This year the working class in the munitions industry have worked admirably, indeed.

Unlike any of the earlier years, this year was the most arduous period, and our state was faced with the worst-ever challenges in its history. But the defence industry rose up and supplied as many as 5 000 farm machines to our cooperative farms, which was a strong support to the agricultural front. This is quite inspiring, and that is not all.

Many munitions factories and enterprises have waged a tenacious struggle, making undaunted efforts in high spirits with a firm determination to defend the Party and revolution by means of unmatched military capabilities, and thus made a tangible contribution to increasing our state's defence capabilities incomparably in 2022, a year full of adversities.

I have been immensely grateful to and deeply admiring our working class in the munitions industry for their ardent patriotism and loyalty with which they have worked for the Party and revolution throughout the year. And as we see now, the complex, by working with loyalty and pure conscience up to the last day of the year, has donated to our Party, along with the hearts of all the working class in the munitions industry, 30 units of 600mm super-large multiple launch rocket system, the main weapon of strike that our Party was most desirous of and our army waited for most anxiously.

This represents an eye-opening success that has demonstrated to the whole world the unusual patriotism and loyalty, inexhaustible potentialities and revolutionary fighting mettle of our working class in the munitions industry, who have shouldered full responsibility for the development of the military technology of the armed forces of our Republic.

We should never forget their historic services and painstaking efforts.

Comrades,

Our working class in the munitions industry regard the valuable title, revolutionary industry of the Workers' Party of Korea, which cannot be bartered for anything, as a source of their exceptional honour and pride. As we see, they are always honourable and faithful to the cause of the Party and revolution.

That we have such a self-supporting defence industry which displays such heroism and possesses characteristic features and absolute strength is something no other country in the world can have or build even though it wants to, and this is a source of pride of prides of our Party.

All of our working class in the munitions industry always accept it as their main duty to relieve our Party of its anxiety and worry, prioritize before anybody else the problems of its concern, even though they number thousands or tens of thousands, support it without any conditions attached and carry them out without yielding. They are true revolutionaries and patriots and model heroes.

Comrades,

That military hardware, which the working class in the munitions industry have donated to the Party and revolution today, has a high capability of overcoming complicated terrain conditions, great manoeuvrability and an ability to conduct a surprise and precision launch of multiple rockets in terms of military technology; and as it has south Korea as a whole within the range of strike and is capable of carrying tactical nuclear warhead, it will discharge in future the combat mission of overpowering the enemy as a core, offensive weapon of our armed forces.

As we can hand additional 30 units of offensive military hardware of great importance over to the People's Army units at a time thanks to the devoted struggle of the working class in the munitions industry for increased production, I cannot suppress surging excitement and emotion.

Extending warm thanks again to our working class in the munitions industry, I would like to conclude by making an ardent appeal to them.

Our Party and the government of our Republic have declared their resolute will to respond with nuke for nuke and an all-out confrontation for an all-out confrontation in order to deal with the enemy's rash acts and reckless moves.

Our working class in the munitions industry should surely guarantee this declaration of ours, this staunch will to deal with the enemy, with matchless sword, spear and shield.

All the revolutionary fighters in the munitions industry should harden their indomitable faith and militant spirit with which to carry out unto death the grand strategy of defence development set out by the Party Central Committee, and turn out as one and strive in the efforts to produce powerful Juche-type weapons which will absolutely overwhelm the US imperialist aggressive forces and their puppet army.

Our revolution and the prevailing situation demand that we, by concentrating our efforts on ensuring continuous development of our defence industry, increase the state's defence capabilities without interruption so as to fully guarantee a reliable and solid security environment for the development of socialism.

As long as we have our laudable and trustworthy working class in the munitions industry, who challenge difficulties and impossibilities on the strength of Juche to bring about transformations and leaps, and the great people, who are rallied around the Party with one mind and one will, our Party's cause of building a powerful army is sure to succeed.

Full of courageous mettle and due self-assurance, let us all fight with redoubled courage and great confidence to bring earlier even greater victory and glory by launching a more gigantic struggle and working new miracles.

The year of 2022 is drawing to a close, an unforgettable year when we have struggled and advanced undauntedly for our revolution, socialism, braving all sorts of trials. At this moment, I extend warm greetings of the new year of 2023 to all of our working class in the munitions industry, defence scientists, officials and their dear families who have provided a distinctive and significant finale to this year through this meaningful donating ceremony.

Thank you.

## रोकियो...

विषयमा अध्ययन गर्ने भन्दै प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिवको संयोजनमा समिति गठन गरी तत्कालका लागि प्रणाली लागू नगर्न निर्देशन दिएको छ। चार सदस्यीय समितिलाई प्रणाली कसरी लागू गर्न सकिन्छ भन्नेबारे एक महिनाभित्र सुझावसहितको प्रतिवेदन दिन भनिएको छ।

यो प्रणाली चार वटा प्रदेशमा लागू भइसके पनि वाग्मतीमा भने मुख्यमन्त्री कार्यालयको हस्तक्षेपका कारण पटक-पटक रोकिँदै आएको हो। प्रणाली लागू गर्ने विषयमा निवर्तमान मुख्यमन्त्री राजेन्द्र पाण्डे र प्रदेशमन्त्री दाहालबीच मनमुटावसमेत भएको थियो। यातायात व्यवस्था विभागले भने प्रदेश सरकारले अग्रसरता लिएर लागू गर्न खोजे यो नियम लागू हुने बताउँदै आएको छ।

## मलेसियामा...

मानसिक यातना दिँदा पनि म्यानपावर र एजेन्टले कुनै सहयोग नगरेको पीडितहरूको सामूहिक खिचिएको भिडियोमा भनिएको छ।

जेन्टले आफूलाई सहयोग नगरेको र बाटोमै कम्पनी मालिकले आफूहरूमाथि कुटपिट गरेको भिडियोमा बताएका छन्। उनीहरूलाई खान बस्न र सुत्ने स्थानको समेत प्रवन्ध नभएको भिडियोमा देखाएका छन्। आफूहरूलाई उद्धार गरेर सहयोग गर्न उनीहरूले आग्रह गरेका छन्।

## प्रचण्डको...

अनधिकृत व्यक्ति प्रवेश गराउने जनार्दन शर्मालाई कतैबाट कारबाही भएन। अख्तियार पूर्व विशिष्ट कर्मचारीहरूको क्लब बनाइएको छ। दलहरूले आफ्नो अनुकूलकाहरूलाई अख्तियार प्रमुख बनाउने परम्परा बसाल्दै आएका छन्। यदि भ्रष्टाचारलाई न्यूनीकरण गर्ने हो भने अख्तियारमा पूर्वन्यायाधीशहरूलाई राख्ने कानुन बनाइनुपर्छ।

जनतालाई दिइने सेवा प्रवाहले सरकारको परख गर्छ। यसले नै गर्ने हो सुशासनको संकेत पनि। राहदानी, लाइसेन्स बनाउनेहरूको लामले सरकारको सेवा प्रवाहलाई गिज्याइरहेको छ। वैदेशिक रोजगारीका लागि एयरपोर्टमा देखिने ताँतीले सरकारप्रति कुनै आशा गरेको देखिँदैन। देशको अर्थतन्त्रमा सुधारका लक्षण भेटिन सकिएको छैन। व्यापारघाटा कम गर्ने उपाय सरकारले कहिले अवलम्बन गर्ने ? छिमेकी मुलुक चीन र भारतको रणनीतिक सैन्य स्वार्थको चपेटामा देश फँस्दैछ। अर्को सुपरपावर अमेरिकाले नेपाललाई चीन विरोधी केन्द्र बनाउन खोजिरहेको छ। सन्तुलित असंलग्न विदेश नीति कायम गरी चीन र भारत दुवैबाट लाभ लिन बंगलादेशले जस्तो नेपालले सके मात्र समृद्धिको जनसपना पूरा हुनेछ। नत्र जुन जोगी आए पनि कानफट्टा उखान जस्तै हुनेछ नयाँ सरकारको प्रचण्ड नेतृत्व पनि।

## मर्निङवाक...

गर्छन् आफ्नो श्वासप्रश्वासका लागि। अध्ययन अनुसन्धानले बताउँछ पिपल, तुलसी र एलोबेराजस्ता केही सीमित बोटबिरुवाले मात्रै चौबिसै घन्टा वायुमण्डलमा अक्सिजन फाल्ने क्षमता राख्छन्। यद्यपि यिनले पनि दिउँसोको तुलनामा राति न्यून मात्रामा अक्सिजन फाल्ने तथ्य अभिलेखहरूमा भेटिन्छ। त्यस्ता बोटबिरुवाको प्रचुरता उपत्यकामा सायदै होला। भएका पिपलका बोट पनि बाटो बिस्तारको बाधक मानी धेरै ठाउँमा काटिएका छन्। क्रमशः साँघुरिँदै गएको र पर्याप्त स्थानका अभावका कारण गाउँघरमा जस्तो मठसहितको तुलसीको बोट सबैका घरआँगनमा पक्कै छैनन् उपत्यकामा। कहीँ कतै नर्सरी, घरका छत वा कौसीमा रहेका गमलाहरूमा सजिएका हुन सक्छन् यदाकदा तुलसी र एलोबेराका केही बोट सौखका रूपमा।

जाडोको पारो चढेसँगै रातको चौथो प्रहर अर्थात् बिहानीपख उपत्यकाको वातावरण कठयाङग्रिँदो चिसोमा रूपान्तरित भइरहेको छ। यही बेलादेखि उपत्यकाबासीको दौडधूप सुरु हुन थाल्छ कोही काममा (प्रायः स्कुल कलेज, पत्रपत्रिका वितरक तरकारी व्यवसायी लगायत दूध ढुवानी आदि त कोही बिहानीको ताजा हावा) मा टहलिन। यस्तो समयमा अघिल्लो साँझ दिउँसोभरिको तापक्रमले गर्दा जमिनबाट उडेर सम्भवतः वायुमण्डलको माथिल्लो तहमा पुगेको धूलो धूवाँका कणयुक्त विषाक्त वायु पुनः रात छिप्पिँदै जाँदा वायुमण्डल चिसिँदै जति क्रममा आकार र ओजन अनुसारका विभिन्न तौलका कणहरू 'थर्मल इन्भर्सन' एवं गुरुत्वाकर्षणका कारण क्रमशः जमिनतर्फ झरेको, झर्दै गरेको वा झर्ने तरखरमा हुन्छन्। एकाबिहानै मर्निङ वाकमा निस्कँदा बिग्रँदो मौसमको घुर्मेलो वायुमण्डलमा अन्तरघुलित अवस्थामा लुटपुटिएर रहेको विषाक्त सोही कणसहितको वायु घुम्दै फिर्दै हाम्रो वायुमण्डलमा आइपुगेको हुन्छ। त्यसैले बिहानीपख वायुमण्डलको तल्लो तहमा फोक्सोसम्मै पुग्न सक्ने खालका सूक्ष्म कणयुक्त हावा चलिरहेको हुन्छ। सखारै मर्निङ वाकमा निस्कँदा सोही वायु लिनुपर्ने बाध्यताको विकल्प हामीसँग हुँदैन। त्यसका अतिरिक्त सूर्योदयको लालिमा अर्थात् उज्यालो जमिनमा नझरुन्जेल हाम्रो वरपर भएका सबै बोटबिरुवाले खाना बनाउन सक्दैन। तर अक्सिजन लिएर वायुमण्डलमा कार्बनडाइअक्साइडको घनत्व भने बढाइरहेका हुन्छन् श्वास प्रश्वासका क्रममा। त्यसैले वायुमण्डलमा अक्सिजनको मात्रा न्यून र कार्बनडाइअक्साइडको मात्रा बढी हुन्छ बिहानीपख। उपत्यकाको भौगोलिक बनावट र स्वरूप हेर्दा एकाबिहानै मर्निङ वाकमा निस्किएर आफ्नो फोक्सो रिचार्ज गर्न खोज्ने जोकोही डुलुवा धूलोका कण मिश्रित कार्बनडाइअक्साइडयुक्त सिकार हुन पुग्छन्।

सके सबै उमेर समूहकाले नभए पनि ४० वर्ष उमेर काटिसकेपछि डाक्टरहरूले प्रायः सबैलाई आधादेखि एक घन्टासम्म पसिना आउने गरी मर्निङ वाक (बिहानी हिँडाइ) का लागि सुझाव दिने गर्छन् तर जाडो याम सुरु भएसँगै मुटु, दम र उच्च रक्तचाप भएका मानिसहरूले खाली पेटमा ननिस्कने, कठ्याङ्ग्रिने समयमा (हाइपोथर्मिया) बाट बच्न सखारै हिँडडुल गर्न नहुने चिकित्सकीय सुझाव पनि रहेको छ। जाडो याममा जोकोहीको पनि रक्तचाप बढ्ने चिकित्सकहरू बताउँछन्। त्यसैले जाडो याममा एकाबिहानै मर्निङ वाकमा निस्किए घर फर्कंदै गर्दा बाटोमा ढलेका कोही घर पुगिसकेपछि पनि बौरिन नसकी मृत्यु वरण गरेका घटनाहरू पनि समाचारमा यदाकदा आउने गरेका छन्।

बिहानदेखि बेलुकासम्म नाकमुख छोप्न मास्क लगाएर हिँड्नुपर्ने अवस्था भएकैले होला सायद आजकल काठमाडौं स्वच्छ काठमाडौं नभएर मास्कमाण्डौंमा रूपान्तरित भएको छ। दिनको लगभग ८ घन्टादेखि १५ घन्टासम्म मास्क लगाएर हिँडडुल गर्नु सामान्य नै भइसकेको छ। फेरि कोभिडको सब भेरियन्ट 'बिएफ–७' को सन्त्रास बढिरहेको छ। मास्क झन् अनिवार्य भइरहेको छ। मास्क लगाउन उपत्यकाबासी अभ्यस्त भइसकेका छन्। जुनसुकै बेला मास्क लगाउनु परेपछि बिहान घाम लागेपछि किन नहिँड्ने ? एकाबिहानै हिँड्नुको सट्टा घाम लागेपछि हिँड्दा अक्सिजनको प्रचुरता मात्र नभई बिहानीपखको भिटामिन डी युक्त घाम पनि सहजै र सित्तैमा प्राप्त भइरहेको हुन्छ चिकित्सकहरूका अनुसार। भिटामिन डीको कमीबाट हुने रोगहरूबाट मुक्ति पाउन कैयनले आजभोलि भिटामिन डीका क्याप्सुल सप्लिमेन्टका रूपमा खाइरहेका छन्। हिउँदयामको उपत्यका विषाक्त ग्यासरूपी च्याम्बरमा रूपान्तरित हुँदै गएकाले एकाबिहानैको मर्निङ वाकले यमलोकको यात्रामा नपुऱ्याउला भन्न सकिँदैन।

## भारतीयलाई...

राज्यको मधुबनी जिल्लास्थित फुलपरास निवासी धीरज मुखिया छन्। केही वर्षदेखि मामाघरमा बस्दै आएका धीरजलाई नागरिकता बनाइदिन गत शुक्रबार फुलियादेवीले वडा कार्यालयको सिफारिस र सर्जमिनसहित इलाका प्रशासन कार्यालय बोदेबर्साइन पुगेकी थिइन्। नागरिकता प्रक्रिया अघि बढ्नै लाग्दा शंका लागेर सोधपुछपछि दुवैजनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

वडाध्यक्ष भागेश्वर यादवले धीरज भारतीय नागरिक रहेको भन्ने आफूलाई जानकारी नरहेकाले सिफारिस र सर्जमिन गरिदिएको बताए। भारतीय मूलका युवकलाई नागरिकता बनाइदिन आमा बनेकी माइजू र उनका भान्जामाथि अनुसन्धान गर्न सात दिनको म्याद थप गरिएको छ।

## अब सांसदको...

थिए। संसद्लाई पेपरलेस बनाउने अभियानअन्तर्गत विद्युतीय हाजिरी व्यवस्थापन गरिएको र सचिवालयले राष्ट्रिय सभा सदस्यहरूको फिंगर प्रिन्ट लिँदै विद्युतीय हाजिरी परीक्षण गरिरहेको सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले बताए।

संघीय संसद्का महासचिव भरतराज गौतमले दलहरूबाट निर्णय भए प्रतिनिधिसभामा पनि विद्युतीय हाजिरी लागू गर्न समस्या नभएको बताए।

राष्ट्रपति विद्यादेवी भण्डारीले २५ पुस दिउँसो १ बजे संघीय संसदको अधिवेशन आह्वान गरेकी छिन्। त्यसअघि एजेन्डा तय गर्न सर्वदलीय बैठक बस्दै छ। बैठकले अन्तरिम नियमावली, सिट व्यवस्थापन, प्रधानमन्त्रीको विश्वासको मत र सभामुखको निर्वाचनलगायत एजेन्डा तय गर्ने ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराले बताए। अधिवेशन आह्वानसँगै राष्ट्रिय सभामा सांसदको विद्युतीय हाजिरी प्रारम्भ हुने र प्रतिनिधिसभामा सभामुख चयनपछि कार्यान्वयनमा आउने बताइएको छ।

## किन सम्झने...

छन्, उनी अक्टोवरको आरम्भभन्दा बढी टिक्न सक्दैनन् भनी फकिरहरू (गोसाई) र त्यहाँ (काठमाडौं) तथा बेतियामा रहेका जजुइटसहरूले पटक पटक सन्देश पठाएका छन्। तिनमा हामीले सैन्य सहयोग चाँडै पठाउनुपर्छ भनिएको थियो। सिन्धुलीगढीको युद्धपछि पृथ्वीनारायणले मिसनरीप्रति कडा रवैया अपनाए। गुप्तचरीको सम्भावना रोक्न मिसनरीले भारततिर गर्ने पत्राचारमाथि प्रतिबन्ध लगाए। पृथ्वीनारायणलाई फकाउन पादरीहरू नलागेका होइनन्। त्यतिबेला काठमाडौंमा रहेका पादरी माइकल एन्जेलाले कीर्तिपुरमा बसिरहेका पृथ्वीनारायणसँग भेट गरे। फकाउन एउटा दूरबिन पनि टक्र्याए तर पृथ्वीनारायण शाह पग्लिएनन्। मिसनरीलाई अविश्वास गरिरहे। फेरि आफ्नो शस्त्रगारमा बन्दुकदेखि तोपसम्म भित्र्याइसकेका पृथ्वीनारायणका लागि दूरबिन नौलो पनि थिएन। अन्ततः इसाई धर्म अँगालेका करिब ६० जना काठमाडौंका रैथानेलाई पादरीसँगै देश निकाला गरियो। उनीहरू बेतियातिर लागे। पादरीझैँ कम्पनी सरकारका गुप्तचर बनेका हिन्दु गोसाई व्यापारीलाई पनि देश निकाला गरियो। यस्तै काममा आशंका गरिएका कश्मिरी मुसलमानलाई चाहिँ केही प्रतिबन्ध लगाएर काठमाडौंमै रहन दिइयो। त्यतिबेला इसाई मात्र होइनन् हिन्दू पनि देश निकालामा परेका थिए। यसबाट घटना धार्मिक उद्देश्यबाट नभई विशुद्ध राजनीतिक उद्देश्यबाट अभिप्रेरित थियो भन्ने स्पष्ट हुन्छ।

पृथ्वीनारायण शाह आजको नेपालको एकीकरणकर्ता हुन्। उनले आफ्नो जीवनकालमा नेपाललाई पश्चिममा महाकाली र पूर्वमा मेची नदीसम्म विस्तार गरेका थिए। पृथ्वीनारायण शाह यदि नभइदिएका भए आजको नेपाल सम्भव थिएन। इतिहासमा नेपाल कहिले कसैको पराधीन भएन। अंग्रेजहरूले नेपाललाई अधिनस्थ गर्न खोज्दा पृथ्वीनारायण शाहले नै उनीहरूलाई असफल बनाइदिएका थिए। शाहकै कारण देशले स्वतन्त्रता दिवस मनाउनु परेन। तर नेपाललाई एकीकरण गर्ने यी महान् सपूतलाई सम्मान गर्दै राष्ट्रले एकता दिवस मनाउँदै आएको थियो। गणतन्त्र आएपछि पृथ्वीनारायण शाहलाई अवमूल्यन गर्दै राष्ट्रिय एकता दिवस एवं उनको जन्मजयन्ती समेत मनाउन छोडियो। अहिले देशमा लादिएको संघीयताले पृथ्वीनारायणले एकीकरण गरेको तराई भूभाग अलगाउवादी आप्रवासी भारतीयहरूले टुक्र्याउन खोज्दैछन्। एकीकृत समृद्ध र अखण्ड नेपालका अभिष्टता पाल्ने पृथ्वीनारायण शाहलाई यतिबेला देश र जनताले झल्झली सम्झिरहेका छन्। यतिबेला नेपालको राष्ट्रियता गम्भीर संकटको अवस्थामा गुज्रिरहेको प्रस्ट हुन्छ।

बहुसंख्यक मानिसहरू उनको योगदानको प्रशंसा गर्छन् र उनलाई राष्ट्रले नसम्झिएकोमा तीव्र आक्रोश व्यक्त गर्छन्। पुस २७ लाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउँदै सार्वजनिक बिदा दिनुपर्ने माग पनि जनस्तरबाट भइरहेको छ। उनले गरेको नेपाल एकीकरणको कार्यलाई अवमूल्यन गर्न नहुने आवाज पनि त्यत्तिकै उठिरहेको छ।

पृथ्वीनारायण शाह पहाडी राज्य गोरखाका राजा भएर पनि उनले नेपाल राष्ट्र बनाउन गरेको महान योगदान नै सबै नेपालीले उनलाई सम्झनुपर्ने कारण हो। पुस २७ गतेका दिन उनी आजभन्दा २०० वर्षअघि राजा नरभूपाल शाह र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रका रूपमा गोरखा दरबारमा जन्मिएका थिए। वि.सं. १७६८ अघिसम्म नेपाल 'नेपाल राष्ट्र' थिएन। यसै मितिदेखि नेपालको इतिहासको आधुनिक काल मानिन्छ। पृथ्वीनारायण शाहले गुरिल्ला युद्धद्वारा नेपाल एकीकरणको आरम्भ गरे। यस अभियानको नेतृत्व उनले गरे। बिसे नगर्चीदेखि कालु पाँडे समेतले उनको एकीकरण अभियाननलाई साथ दिए।

एकीकरण अभियान उनले एक्लै गरेका होइनन्, उनलाई जनताले पनि साथ दिएका थिए। भलै उनले नेपाल एकीकरणको नाम दिएर युद्ध लडेनन् राज्य विस्तार गरे। त्यही राज्य विस्तार अभियान नै नेपाल एकीकरणको ऐतिहासिक अभियान थियो। आज हामीले टेकेको धर्ती उनकै नेतृत्वमा भएको जनबाहुबलको परिणाम हो।

पृथ्वीनारायण शाहले बाइसे चौबीसे राज्य, पूर्वको किराँत राज्य र उपत्यकाका तीन नेवा राज्यलाई विस्थापित गरी एउटै नेपाल राज्य बनाएका हुन्। कतिपय राजनीतिक नेता र बुद्धिजीवी पृथ्वीनारायण एक विस्तारवादी शासक भएको आरोप लगाउँछन्।

किराँत राज्यसँग, उपत्यकाका मल्ल राज्यहरूसँग, लमजुङसँग पृथ्वीनारायणले गरेको सम्झौता उनले पूरा नगरेको भनेर उनलाई धोकेबाजको पगरी गुथाउने स्वघोषित बुद्धिजीवीहरू पनि देखिँदैछन्। सर्वमान्य कुरा हो युद्ध र प्रेममा जे पनि जायज हुन्छ। यसकारण पृथ्वीनारायण शाहले विल्कुलै ठीक गरेछन्। उनले अधिनस्थ गरेका राज्यहरूलाई फेरि स्वअस्तित्वमा आउन दिएनन् र टुक्रा टुक्रा भूभागलाई मिलाएर भावी सन्ततिलाई सिंगो नेपाल दिए।

विश्वमा राष्ट्र निर्माताहरूलाई अघोर नै सम्मान गरेको पाइन्छ। छिमेकी मुलुक भारतमा महात्मा गान्धीलाई, चीनमा सनयात सेनलाई राष्ट्रपिता मानिन्छ। अमेरिका जर्ज वाशिंगटन, थोमस जेफरशन, बेन्जामिन फ्रेंकलिन, जोन एडम्स, जेम्स मेडिसन, अलेक जेन्डा हेमिल्टिन, अमेरिकाका फाउन्डिङ फादरक रूपमा चिनिन्छन्। उनीहरूले १३ वटा राज्यलाई मिलाएर युनाइटेड स्टेट्स अफ अमेरिकाको स्थापना गरेका थिए। इटलीका मिनटर इमानुअल द्वितीयलाई फादर अफ फादर ल्यान्ड भनिन्छ। गैरीवाल्डी, मेजिनी, क्यामिना वेल्सो, काउन्ट कैबुरलाई संस्थापक पिता मानिन्छ। टर्कीका मुस्तफा कमाल अर्नातुकलाई पनि राष्ट्रपिताकै दर्ज दिइएको छ। लि क्यान युलाई सिंगापुरका राष्ट्रपिता मानिन्छ। फ्रान्स र जापानको उपनिवेशबाट भियतनामलाई मुक्त गराउने होची मिन्हलाई भियतनामी जनताले कति आदर गर्छन् ? पाकिस्तानका मोहम्मद अलि जिन्नालाई कवाइद आजम अर्थात् महान नेता भनेर सम्मान गरिन्छ। टुँकु अब्दुल रहमानलाई विकासवादी नेताका रूपमा चिनिएका महाथिरले समेत सम्मान गर्छन्। तर आज नेपालमा भने जाति, धर्म, वर्ण र क्षेत्रका आधारमा विभाजनको रेखा कोर्न खोजिँदैछ। रुसका पिटर, जर्मनीका विस्मार्क, बेलायतका एगवर्ड, फ्रान्सका नेपोलियन, जापानका ओडानोगुन एजा, टोकुगावा र इयसो, इटलीका क्यामिलो क्याभोर जिसेफ गरिवाल्डी, ग्रिसका अलेक जेन्डर महानकै जत्तिको योगदान छ नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको।

## नेपाली क्रिकेट...

अहिले उदाउँदो अवस्थामा रहेको क्रिकेटमा म्याच फिक्सिङको रोग सरेको छ।

नेपाल टी-२० लिगका खेलमा 'म्याच फिक्सिङ र स्पट फिक्सिङ' जस्तो गम्भीर आरोप लागे पनि नेपाल क्रिकेट संघ (क्यान) ले यसलाई भ्रामक र मिथ्या सूचनामात्र भएको जनाएको छ। तर पारिश्रमिक नपाएको तथा म्याच फिक्सिङ, स्पट फिक्सिङ र बेटिङका कारण नेपाल टी-२० लिग बदनाम बनेको छ।

यी आरोपका बावजुद नेपाली क्रिकेटको सर्वोच्च संस्था क्यान भने आफ्नो बचाउमा उभिएको छ। यस विषयमा गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सचिव प्रशान्तविक्रम मल्लद्वारा हस्ताक्षरित विज्ञप्तिमा बुधबार क्यानले भनेको छ, 'नेपाली क्रिकेट र राष्ट्रकै नाममा ठेस पुऱ्याउने गरी फैलाइएको यस्ता गतिविधि अन्त्य गर्न नेपाल क्रिकेट संघ प्रतिबद्धता जनाउँछ। म्याच फिक्सिङका बारेमा जानकारी भएमा प्रमाणसहित संघको केन्द्रीय कार्यालय वा हाल चलिरहेको नेपाल टी-२० लिगको एन्टी करप्सन युनिट (एसीयु) मा उजुरी बुझाउन संघ विनम्र अनुरोध गर्दछ।'

नेपाली टी-२० लिगमा कमेन्ट्री गरिरहेका सचिन तिमल्सिनाले अघिल्लो दिन सार्वजनिक रूपमा नै 'स्पट बेटिङ' भएको दाबी गर्दै आफू कमेन्ट्री टोलीबाट अलग भएको जनाएका थिए। काठमाडौं नाइट्सको नेतृत्व गरिरहेका नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्लले समेत आफ्नो टोलीका एक खेलाडीलाई सट्टेबाजले प्रस्ताव गरेको खुलासा गरेका थिए। सचिन र ज्ञानेन्द्र दुवै नेपाल टी-२० लिगका एक हिस्सा हुन्। केही विदेशी टोलीका खेलाडी र नेपाली राष्ट्रिय टोलीबाट खेलिसकेका अलराउन्डरले टी-२० लिगमा स्पट बेटिङ गरेको जनाउँदै उनले 'भ्रष्टचारी र सट्टेबाजको हातमा' यो लिग रहेको भनी शंकामात्र होइन ठोकुवा नै गरेका छन्। आफ्नो टोलीमाथि आपराधिक प्रस्ताव आएपछि ज्ञानेन्द्रले पनि एसीयूमा रिपोर्ट गरिसकेको विषयलाई उजागर गरिसकेका छन्।

पूर्वकप्तान पारस खड्काले नेपाल टी-२० लिगमा स्पट फिक्सिङ जस्तो गम्भीर अपराध भएको खबरले स्तब्ध बनाएको जनाएका थिए। पारस, सचिन र ज्ञानेन्द्रको यस्ता गम्भीर आरोप र दाबीमा छानबिन गरेर अगाडि बढ्नुपर्नेमा उल्टै भ्रामक र मिथ्या सूचना भनेर विज्ञप्तिबाजी गर्नु क्यानको हदैसम्मको लज्जाजनक कार्य हो। यस्ता गम्भीर प्रकारको फिक्सिङका बारेमा जानकारी भएमा प्रमाणसहित पेस गर्न भन्दै क्यान जिम्मेवारीबाट पछि हटेको भनी आलोचना सुरु भएको छ।

स्रोतका अनुसार नेपाल टी-२० लिगका क्रममा ७-८ नेपाली खेलाडीले आफूलाई सट्टबाजले बेटिङ र स्पट फिक्सिङका लागि प्रस्ताव गरेको उजुरी एसीयूमा गरेका छन्।

## अवैध...

आयोजनामा पूर्वस्वीकृत मापदण्ड र तोकिएको परिमाणभन्दा बढी ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन र दोहन हुने गरेको र आयोजना सम्पन्न भएपछि समेत निरन्तर दोहन भइरहेको जानकारी मन्त्रालयमा प्राप्त हुन आएको जनाइएको छ।

वातावरण संरक्षण ऐन, २०७६ को पालना र यस सम्बन्धमा अदालतबाट भएको आदेश कार्यान्वयन गर्न आवश्यक देखिएको भन्दै गृहले सचिवस्तरीय निर्णयबाट यस्तो परिपत्र गरेको हो।

गृहको परिपत्रमा कानुनविपरीत दर्ता नगरी तथा नवीकरणलगायत सञ्चालन अनुमति नलिई सञ्चालनमा रहेका ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगलाई तत्काल बन्द गर्ने उल्लेख छ। त्यस्तै, विभिन्न आयोजना विकास तथा निर्माणका क्रममा सोही आयोजनाका लागि आवश्यक परिमाणमा ढुंगा, गिट्टी, रोडा तथा बालुवा उत्खननको अनुमति प्राप्त उद्योग-निर्माण व्यवसायीले आयोजना समाप्त भएपश्चात् पनि त्यस्तो उत्खनन कार्य गरिरहेको भए सोसमेत छानबिन गरी तत्काल बन्द गर्नेसमेत गृहको परिपत्रमा उल्लेख छ। यसको कार्यान्वयन सजिलो भने देखिँदैन।

अहिले देशभर कति क्रसर सञ्चालनमा छन् भन्ने यकिन नभए पनि अधिकांश क्रसर कानुन र मापदण्डबाहिर रहेका उद्योग विभागले बताएको छ। गृह मन्त्रालयको प्रतिवेदनअनुसार हजारभन्दा बढी संख्यामा क्रसर सञ्चालनमा छन्। तर ती सबै विद्यमान कानुनअनुसार दर्ता छैनन्। उद्योग विभाग, उद्योग कार्यालय, घरेलु विभाग र समिति, कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भए पनि ऐनको व्यवस्थाअनुसार दर्ता भएका छैनन्।

## शीतलहर...

तापक्रम निकै घटेको छ। अधिकतम र न्यूनतम तापक्रमको अन्तर (ग्याप) १.९ डिग्री सेल्सियससम्म झरेको छ। मौसम पूर्वानुमान महाशाखाले मध्यतराईमा शीतलहर चलेको औपचारिक घोषणासमेत गरिसकेको छ। पछिल्लो चार दिनयता तराईमा शीतलहर बढेको हो।

हालसम्म नेपालमा पश्चिमी न्यूनचापीय प्रणालीको असर रहेको छ। बिहीबार थप अर्को न्यूनचापीय क्षेत्र आउने र त्यसले तराईमा शीतलहरलाई थप लम्ब्याउन सक्ने आकलन मौसमविद्ले गरेका छन्। भैरहवा, सिमरा र जनकपुरस्थित तापक्रम मापन केन्द्रको तथ्यांक हेर्दा अधिकतम तापक्रम औसतभन्दा पाँच डिग्री सेल्सियस बढीले घटेको छ।

महाशाखाले मध्य तराईमा घामको ताप मापन गर्दा पनि निकै न्यून पाइएको छ। मध्यतराईमा दिउँसो घामको ताप १०० वाट परमिटरमा झरेको छ, जब कि हिउँदमा सामान्यतयाः १५० भन्दा माथि हुनुपर्ने हो। तराईमा शीतलहर न्यूनीकरणबारे राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बुधबार मात्र नेपाल रेडक्रस सोसाइटी र केयर नेपालसँग छलफल गरेको छ।

तराईमध्ये धनगढी र विराटनगरमा भने शीतलहर कम छ। धनगढीमा बुधबार अधिकतम तापक्रम १६.५ हुँदा न्यनूतम ८.६ डिग्री थियो भने अन्तर ७.९ डिग्री कायम रह्यो। मंगलबार अधिकतम र न्यूनतम तापक्रमको अन्तर ७.५ डिग्री थियो। ११ पुसमा भने धनगढीमा अधिकतम तापक्रम २३.६ र न्यूनतम ७.५ डिग्री मापन भएको छ। विराटनगरको अधिकतम तापक्रम धेरै झर्न सकेको छैन। बुधबार अधिकतम र न्यूनतम तापक्रमको अन्तर ८.८ डिग्री रह्यो। यहाँ अधिकतम तापक्रम २० डिग्री रहँदा न्यूनतम ११.२ डिग्री छ। मंगलबार तापक्रमको अन्तर ७.४ डिग्री थियो। ११ पुसमा भने विराटनगरमा अधिकतम तापक्रम २५.२ र न्यूनतम तापक्रम १० डिग्री मापन भएको थियो।

काठमाडौंको शंखपार्क, ललितपुरको खुमलटार, सुनसरीको झुम्का र कञ्चनपुरको महेन्द्रनगरको वायु प्रदूषण खराब अवस्था (रेडजोन) मा छ। त्यस्तै, काठमाडौंकै रत्नपार्क, पोखरा (जिबिएस केन्द्र) र धनकुटामा पनि प्रदूषण अस्वस्थकर छ। भरतपुर र हेटौंडामा समेत वायु प्रदूषणको मात्रा बढ्दै गएको छ। बुधबार साँझ ४:३० बजेको 'रियल टाइम पोलुसन डेटा' हेर्दा पिएम-२.५ को मात्रा झुम्कामा १८३, शंखपार्कमा १६०, खुमलटारमा १५४ र महेन्द्रनगरमा १५२ छ। यो सूचकांक रत्नपार्कमा ११९, पोखरा (जिबिएस) मा ११३, धनकुटामा १०९, भरतपुरमा ७३ र हेटौंडामा ६८ छ।

यस्तो सूचकांक १०० देखि १५० सम्म पुग्नुलाई बालबालिका तथा वृद्ध र श्वासप्रश्वाससम्बन्धी रोग भएका सबैलाई अस्वस्थकर मानिन्छ। त्यस्तै, १५० देखि २०० सम्म पुग्दा सबै उमेर समूहलाई स्वास्थ्य समस्या देखिन सक्छ।

## चालु पुँजी...

५० लाख थियो। संशोधित मार्गदर्शनअनुसार यदि कुनै पनि ऋणीले समग्र बैंकिङ प्रणालीबाट कुल १ करोड वा सोभन्दा कम चालू पुँजी कर्जा उपयोग गरेको छ भने बैंक तथा वित्तीय संस्थाले आफ्नो चालू पुँजी कर्जासम्बन्धी नीतिको अधिनमा रही चालू पुँजी कर्जा सीमा निर्धारण गर्न सक्नेछन्।

तर, चालू पुँजी प्रयोजनका लागि प्रदान हुने कर्जाको प्रकार भने मार्गदर्शनबमोजिम नै हुनुपर्ने छ। संशोधित मार्गदर्शनअनुसार 'पर्मानेन्ट वर्किङ क्यापिटल'को समयावधि लम्ब्याएर ३ देखि १० वर्ष बनाइएको छ। यसअघि कुनै पनि बैंक तथा वित्तिय संस्थाले चालू पुँजी कर्जा आवश्यकताका लागि कम्तीमा पाँच वर्षको आवधिक प्रकृतिको कर्जा प्रदान गर्नुपर्ने थियो। यसैगरी, चालू पुँजी कर्जा मार्गदर्शन लागू हुनुअघि कुनै पनि ऋणीको ऋण भएमा उसले आफ्नो ऋण वर्गीकरण र प्रोभिजन फरकफरक तवरले गर्न नपर्ने भएको छ।

चालू पुँजी कर्जा सीमा २ करोडमाथिको हकमा अनुमानित वार्षिक कारोबार बिक्रीको अधिकतम २५ प्रतिशत २ करोडसम्मको ऋणीले वार्षिक अनुमानित कारोबारको २० प्रतिशत र विशेष आवश्यकताका आधारमा बढीमा ४० प्रतिशतसम्मको रहेको छ। यदि कुनै पनि ऋणीले गत १ कात्तिकअगाडि नै सीमाभन्दा बढी ऋण लिएको छ र आफ्नो कर्जा सीमाभित्र ल्याउन चाहेको छ भने उसको 'प्रि चार्ज' बैंकहरूले लिन नपाउने राष्ट्र बैंकले उल्लेख गरेको छ। संशोधित मार्गदर्शनमा 'बैंक तथा वित्तीय संस्थाले कम्तीमा तीन महिनामा एकपटक चालू सम्पत्ति र चालू दायित्व अनिवार्य निरीक्षण गरी सोको प्रतिवेदन कर्जा फाइलमा अद्यावधिक गरी राख्नुपर्ने' व्यवस्था गरिएको छ। यो बुँदालाई राष्ट्र बैंकले थप स्पष्ट बनाएको हो। यसअघि, प्रत्येक त्रैमासमा चालू सम्पत्ति र दायित्व अनिवार्य निरीक्षण गरी वर्षको चारपटक नै आकस्मिक निरीक्षण गर्नुपर्ने व्यवस्था रहेको भन्ने बुझाई बैंकर्स र व्यापारी-व्यवसायीले गर्दै आएका थिए।

ऋणीले ५ करोड रूपैयाँसम्मको चालू पुँजी कर्जाको हकमा ग्राहक स्वयंबाट प्रमाणित त्रैमासिक विवरण र ५ करोड रूपैयाँभन्दा बढी चालू पुँजी कर्जाको हकमा ऋणी संस्थाको आन्तरिक लेखा परीक्षणबाट प्रमाणित अर्धवार्षिक विवरण कर्जा फाइलमा अद्यावधिक गरेर राख्नुपर्ने व्यवस्था गरिएको छ। यसैगरी, ऋणीले चल्तीबाट कर्जा खातामा रकम जम्मा गर्नका लागि बैंकलाई निर्देशन दिन सक्ने भएको छ।

यसअघि, ऋणीले व्यवसायको सम्पूर्ण 'रेभिन्यु' चल्ती खातामा मात्र रहने व्यवस्था थियो। नेपाल राष्ट्र बैंक ठीक वर्षअघि २०७८ पुसमा चालू पुँजी कर्जा मार्गदर्शन मस्यौदा सुझावका लागि राखेको थियो। ७ भदौ २०७९ मा चालू पुँजी कर्जा मार्गदर्शन जारी र गत १ कात्तिकदेखि लागू गरिएको थियो। चालू पुँजी कर्जाले व्यापार व्यवसायमा समस्या ल्याएको भन्दै व्यापारी व्यवसायीले बारम्बार स्थगनका लागि सरकार र राष्ट्र बैंकसँग आग्रह गरिरहेका थिए।

संशोधित मार्गदर्शनअनुसार चालू पुँजीकर्ता भुक्तानीलाई पाँच किस्तामा विभाजन गर्दै बैंकले २०८२ असार मसान्तसम्म बाँकी भुक्तानी गरे ऋणीले 'प्रोभिजन' बापत लाग्ने कुनै शुल्क नलिने बैंकले घोषणा गरेको छ। २०८० असारदेखि सुरु भएर २०८२ अघि नै भुक्तानी भए तोकिएको सीमाभन्दा माथिको शुल्क नलिने बैंकको भनाइ छ। यो व्यवस्था ६ महिनापछि लागू हुनेछ। तोकेको सीमाभन्दा बढी कर्जा लिएकाले २०८० असारसम्म १० प्रतिशत भुक्तानी गरिसक्नुपर्नेछ। त्यसपछि हरेक ६/६ महिनामा २०/२० प्रतिशत किस्ता तिर्नुपर्छ। अन्तिम किस्तामा ऋणीले ३० प्रतिशत किस्ता भुक्तानी गर्नुपर्ने संशोधित प्रावधान छ। २०८२ असारमा भने ऋणीले अन्तिम किस्ताको भुक्तानी गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ। मार्गदर्शन राष्ट्र बैंकले गत १ कात्तिकदेखि कार्यान्वयनमा आएको थियो।

यसैगरी साउन पहिलो साता मौद्रिक नीति ल्याउनुपर्ने बाध्यात्मक व्यवस्थासाथ नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तर्जुमा कार्यविधि प्रथम संशोधन गरेको छ। कार्यविधिअनुसार मौद्रिक नीति तर्जुमाका लागि जेठ दोस्रो साताभित्र राय सुझाव लिइने भएको छ। यसपछि असार पहिलो सातादेखि अन्तरविभागीय सुझाव समन्वय समितिमा छलफल हुनेछ।

मौद्रिक नीतिका लागि अन्य विभाग तथा सरोकारवालाबाट प्राप्त सुझावलाई अन्तिम रूप दिन राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा विभागीय प्रमुखको समन्वय समिति गठन हुने कार्यविधिमा उल्लेख छ। कार्यविधिअनुसार विभागीय प्रमुखले आवश्यक ठानेमा मस्यौदामा समावेश कुनै विषयवस्तुमा सम्बन्धित विषयका विशेषज्ञको समेत राय लिन सक्नेछन्।